मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

## विद्युत् व्यापारमा साढे चार अर्ब फाइदाः प्रधानमन्त्री ओली

समाचार पृष्ठ ५ मा



वर्ष ३ | अंक २६० | २०८२ साल श्रावण २५ गते आइतबार | Sunday 10, August 2025 | सूर्योदयः बिहान ५:३४ बजे | सूर्यास्तः साँझ ६:४७ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-



काठेपुलमा भीडभाडः धनुषा–सिरहा जोड्ने कमला नदीमा निर्माण गरिएको काठेपुलमा रक्षा बन्धनको अवसरमा देखिएको आवतजावत गर्ने सर्वसाधारणको भीडभाड । नदीमा भासिएको पक्की कमला पुलको पुनर्निर्माण नहुँदा सर्वसाधारणलाई आवतजावत गर्न कठिनाई हुँदा सिरहा नगरपालिकाले काठेपुल बनाएर सञ्चालनमा ल्याएको छ । तस्बिरः अमरेन्द्रकुमार यादव

# सुक्खा सङ्कटग्रस्त मधेशमा धमाधम रोपाइँ

**सबैभन्दा धेरै बारामा ९५ प्रतिशत, पर्सामा ९२ प्रतिशत र रौतहट जिल्लामा ८५ दशमलव ९ प्रतिशत धान रोपाइँ भएको छ । सर्लाहीमा पनि ७५ प्रतिशत, धनुषामा ७० प्रतिशत, महोत्तरीमा ६१ दशमलव ५ प्रतिशत, सप्तरीमा ७० प्रतिशत र सिरहामा ७० प्रतिशत मात्रै धान रोपाइँ भएको छ ।**

**हिमाल लम्साल**
**पर्सा ।**
पर्साका सखुवाप्रसौनी गाउँपालिका–२ का किसान शम्भुप्रसाद यादवलाई १० दिन अघिसम्म मधेश प्रदेशमा देखिएको सुक्खाग्रस्त खडेरीका कारणले सबै खेतमा धान रोप्न पाइँदैन कि भन्ने चिन्ता थियो । तर, पछिल्लो साता यहाँ परेको अकाशेपानीका कारण उनले सबै खेतमा धान रोपिसके ।

'अकाशेपानी पर्नु अघि नै साढे नौ विघामा जेनतेन रोपाइँ गरिसकेका थियौँ, तर, डेढ बिघामा लगाएको चैते धान भित्राउन ढिला भएकाले रोपाइँ गर्न सकेका थिएनौँ,' उनले भने, 'एक सातायता यहाँ दिनहुँजसो पानी परेसँगै बाँकी खेतमा पनि धान रोपेका छौँ ।' उनले ढिलै भए पनि अकाशेपानी परेपछि यहाँका किसान उत्साही भएको बताए । 'एक त चैतेधान भित्राउनै ढिलो भयो, अर्कोतर्फ नियमित बिजुली नआउँदा पनि बोरिङमार्फत पानी निकालेर रोप्न गाह्रो भयो,' उनले भने । मधेश प्रदेश कृषि विकास निर्देशनालयका बरिष्ठ वागवानी विकास अधिकृत प्रदीपकुमार यादव मधेश प्रदेशमा अकाशेपानी परेसँगै धान रोपाइँ धमाधम भइरहेको बताए ।

'साउन १६ गतेसम्म मधेश प्रदेशमा तीन लाख ७२ हजार ६ सय ४५ हेक्टरमध्ये ५७ दशमलव २७ प्रतिशतमा मात्रै धान रोपाइँ भएको थियो, पछिल्लो एक सातामा थप १९ दशमलव २७ हेक्टरमा धान रोपाइँ भएको छ,' बरिष्ठ वागवानी अधिकृत यादवले भने । निर्देशनालयका अनुसार साउन २३ गतेसम्म मधेश प्रदेशमा आठ जिल्लामा धान रोपाइँ कुल ७६ दशमलव ५४ प्रतिशत अर्थात दुई लाख ८५ हजार दुई सय ३४ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको छ । सबैभन्दा धेरै बारामा ९५ प्रतिशत, पर्सामा ९२ प्रतिशत र रौतहट जिल्लामा ८५ दशमलव ९ प्रतिशत धान रोपाइँ भएको छ । सर्लाहीमा पनि ७५ प्रतिशत, धनुषामा ७० प्रतिशत, महोत्तरीमा ६१ दशमलव ५ प्रतिशत, सप्तरीमा ७० प्रतिशत र सिरहामा ७० प्रतिशत मात्रै धान रोपाइँ भएको छ ।

कृषि ज्ञान केन्द्र पर्साका प्रमुख रामजीवन ठाकुरले अकाशेपानी परेपछि पर्सामा धान रोपाइँ अन्तिम चरणमा पुगेको बताए । उनले भने, 'पानी परेपछि धान रोपाइँ राम्रो भएको छ, केही दिनसम्म नियमित पानी परे धान रोपाइँमा थप सहज हुन्छ ।' अकाशेपानी परेसँगै बाराका कृषकहरुमा पनि उत्साह थपिएको कृषि ज्ञान केन्द्र बाराका प्रमुख राज नारायणप्रसाद साहले बताए । 'अकाशेपानी परेसँगै धानको रोपोलाई धेरै हदसम्म राहत भएको छ । धान नरोपिएको ठाउँमा पनि धमाधम धान रोपाइँ भइरहेको छ ।' कृषि ज्ञान केन्द्र सर्लाहीका प्रमुख कमलदेवप्रसाद कुशवाहाले अकाशेपानी परेसँगैसर्लाहीमा ७५ प्रतिशत धान रोपाइँ भएको बताए । 'पानी नपर्दा खेतमा धाँजा फाटेको थियो, अहिले पानी परेपछि सुकेको रोपो पलाउने आशा जगाएको छ,' उनले भने ।

# धारा सुकेपछि दमकलबाट बस्तीमा पानी

**मधेशदृष्टि**
**रौतहट ।**
चन्द्रपुर नगरपालिका–२ जुडिबेलामा साउनको महिना पनि खानेपानीको हाहाकार भएको छ । खानेपानीका लागि घरमा गाडिएका चापाकल सुकेपछि विगत दुई महिनादेखि यस क्षेत्रका पाँच वटा टोलका नागरिकलाई पिउने पानीको हाहाकार भएको हो ।

विगत २० दिनयता चन्द्रपुर नगरपालिकाको बारुणयन्त्रले यस क्षेत्रका नागरिकलाई दैनिक रूपमा पानी ओसारेर उपलब्ध गराइरहेको छ । जुडिबेलाको चौधरी, जोगी, नर्सरी, रैयालगायत टोलका करिब दुई सयभन्दा बढी परिवारलाई नगरपालिकाले बारुणयन्त्रमार्फत खानेपानी वितरण गरिरहेको नगरप्रमुख सञ्जयकुमार काफ्लेले जानकारी दिए । पिउने पानी नागरिकको नैसर्गिक अधिकार भएकाले स्थानीयलाई दैनिक रूपमा दमकलबाट टोलटोलमा राखिएका ड्रममार्फत पानी वितरण गरिरहेको उनले बताए ।

ती टोलका करिब दुई सय परिवारलाई बारुणयन्त्रले दैनिक १२–१३ हजार लिटर पानी ओसारेर वितरण गर्दै आइरहेको नगरप्रमुख काफ्लेले उल्लेख गरे । खानेपानीको दीर्घकालीन समस्या समाधानका लागि नगरपालिकाले केही दिनभित्र चापाकल सुकेका टोलमा नयाँ धारा जडान गर्ने उनले जानकारी दिए ।

जुडिबेलामा अलपत्र खानेपानी आयोजनाको कामलाई शीघ्र अगाडि बढाइने नगरप्रमुख काफ्लेको भनाइ छ । यस क्षेत्रका करिब दुई हजार ५ सय परिवारलाई शुद्ध पिउने पानी खुवाउने लक्ष्यका साथ जुडिबेला खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले निर्माण गरेको खानेपानी आयोजना विगत १० वर्षदेखि अलपत्र छ ।

खानेपानीको दीर्घकालीन समाधानको लागि वडास्तरबाट पनि काम भइरहेको चन्द्रपुर–२ का वडाध्यक्ष दुत्तबहादुर थिङले जानकारी दिए । वडाको जुडिबेला टोलमा ५१ घर, जोगी टोलमा ३५, नर्सरी टोलमा ७० र रैयाटोलमा ३१ घरका नागरिक खानेपानीबाट प्रभावित भएका छन् ।

ती टोलमा अक्स्फाम नेपालको आर्थिक सहयोगमा नौ वटा एक–एक हजार लिटरको ड्रमसहित विभिन्न सामग्री किनेर नगरपालिकाले खानेपानी वितरण गर्दै आएको आरडिसी नेपालकी स्थलगत अधिकृत ज्योति फुँयालले जानकारी दिइन् । उनका अनुसार अहिले जोगीटोलमा ४० वर्ष पुरानो धारा मर्मत गरेर पानी उपलब्ध गराइएको छ ।

जुडिबेला खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष भोला थपलियाले पानी वितरणका लागि पाइपको व्यवस्था गर्न सके यो समस्या समाधान हुने बताए । आयोजनाको पानी वितरणका लागि पाइप नभएकाले वितरण गर्न नसकेको भन्दै उनले करिब दुई हजार ५ सय उपभोक्तामध्ये ९२ घरले आयोजनाको पानी खाइरहेका जानकारी दिए ।

पाइपका लागि पटकपटक सम्बन्धित निकायमा आग्रह गर्दासमेत सुनवाइ नभएपछि पानी वितरण गर्न नसकिएको अध्यक्ष थपलियाको भनाइ छ । उनका अनुसार आयोजनामा चार लाख ५० हजार लिटर क्षमताको ओभरहेड ट्याङ्की निर्माण सम्पन्न भइसकेको छ । आयोजनाअन्तर्गत 'डिपबोरिङ' जडान, कार्यालय भवन निर्माण, विद्युतीकरण, पम्प हाउस निर्माण तथा करिब २७ किलोमिटर मुख्य लाइनको पाइप गाडिसकिएको अध्यक्ष थपलियाले जानकारी दिए । बजेट अभावका कारण मुख्य लाइनको पाइप खरिद गर्न नसक्दा काम ठप्प भएको उनले बताए । आयोजना सम्पन्न गर्न अनुमानित दुई करोड रुपैयाँ आवश्यक पर्ने उनले जानकारी दिए । आयोजना सञ्चालन हुनेबित्तिकै जुडिबेलामा खानेपानीको समस्या समाधान हुने स्थानीय राजन थापाले बताए । आयोजनाको काम शीघ्र सम्पन्न गरी पानीको सहज आपूर्ति मिलाउन उनले सरोकार भएका सबैलाई आग्रह गरे ।

# प्रवासी कुशवाहा कल्याण समाजमा महतो



**रामएकवाल राम**
**दोहा ।**
प्रवासी कुशवाहा कल्याण समाज कतारको तेस्रो अधिवेशनले घुरन महतोको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ । शुक्रबार सनैयाको प्लाजा मलको लालीगुराँस रेस्टुरेन्टको सभाहलमा सप्पन्न अधिवेशनबाट कार्यसमितिको उपाध्यक्षमा क्रमशः मनोज कुमार महतो, बिनोद कुमार सिंह, उपेन्द्र महतो, महेश कुमार महतो, महासचिवमा सन्तोष कुमार महतो, सचिवमा अशोक कुमार महतो, कोषाध्यक्षमा उमेश कुमार महतो चयन भएका छन् । त्यसैगरी सदस्यहरु मुनिलाल महतो, भागवत महतो, शम्भु महतो, रामबाबु सिंह, दिनेश कुमार महतो, राकेश सिंह, राम गोपाल महतो, रामकेबल महतो, वीरेन्द्र कुमार सिंह, उदयकुमार महतो, मनिक लाल महतो, रञ्जित कुमार महतो, उमेश कुमार महतो र मुकेश कुमार महतो चयन भएका छन् ।

त्यसैगरी, सल्लाहकार समितिमा कमलेश कुमार महतो, शिवकुमार महतो, बिनोदकुमार महतो, रामकल्याण महतो, जयकुमार सिंहलाई चयन गरेको छ । कुशवाहा कल्याण समाज नेपालका केन्द्रीय उपाध्यक्ष तथा मधेश प्रदेश नीति आयोगका सदस्य राजकुमार सिंहको प्रमुख आतिथ्यता तथा समाजका अध्यक्ष कमलेश कुमार महतोको सभापतित्वमा कार्यक्रम भएको हो ।

कार्यक्रममा जिल्ला समन्वय समिति सर्लाहीका उपप्रमुख जितेन्द्र कुमार महतो, नेपाल कुशवाहा कल्याण समाजका केन्द्रीय सचिव भरत महतो, कुशवाहा बुद्धिजीवी कल्याण समाजका केन्द्रीय महासचिव पुण्यलाल महतो, गैरआवासीय नेपाली संघ कतारका नवनिर्वाचित अध्यक्ष पदम गिरीलगायत विभिन्न संघसंस्थाका प्रतिनिधिको उपस्थिति थियो ।

# कारागार झडपमा घाइतेलाई काठमाडौँ ल्याइयो

**मधेशदृष्टि**
**धनगढी ।**
कैलाली कारागारमा शुक्रबार राति भएको झडपक्रममा घाइते गोदावरी नगरपालिका–२ का आयुश भट्टलाई नेपाली सेनाको स्काई ट्रकमार्फत काठमाडौँ ल्याइएको छ । एक जनाको मृत्यु हुनेगरी कारागारमा झडप भएको थियो । झडपमा ४७ जना घाइते भएका छन् ।

शनिबार दिउँसो पनि कारागाराको अवस्था असामान्य बनेको थियो । कारागारभित्र रहेका कैदीले केहीबेर कारागार नै नियन्त्रणमा लिएका थिए भने अवस्था सामान्य बनाउन प्रहरीलाई धौ भएको थियो । घटना छानबिनका लागि सहायक प्रमुख जिल्ला अधिकारी किरण जोशीको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन भएको छ । समितिले घटनाका कारण पत्ता लगाएर १० दिनभित्र प्रतिवेदन दिनुपर्ने कार्यादेश छ । शुक्रबार राति कारागारमा झडप हुँदा धनगढी–४ का भरत चौधरीको मृत्यु भएको थियो । घाइतेहरूको उपचार भइरहेको छ ।



# ग्यास व्यवसायी संघ धनुषाको भवन निर्माण हुँदै



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा ग्यास व्यवसायी संघ धनुषाको कार्यालय भवन निर्माण कार्य औपचारिक रूपमा शुरु गरिएको छ । भवनको शिलान्यास जनकपुरधाम उपमहानगरपालिका नगरप्रमुख मनोजकुमार साह र ग्यास व्यवसायी संघ धनुषाका अध्यक्ष फुलदेव पण्डितले संयुक्त रूपमा गरेका हुन् । शिलान्यास समारोहमा बोल्दै नगरप्रमुख साहले ग्यास दैनिक उपभोग्य वस्तु भएकाले यससँग सम्बन्धित संस्थाको कार्यालय निर्माण नगरवासीका लागि सुखद र आवश्यक पहल भएको बताए ।

उनले भवन निर्माण सम्पन्न भएपछि ग्यास सेवा प्रवाह अझ व्यवस्थित र सहज हुने विश्वास व्यक्त गरे । ग्यास व्यवसायी संघका अध्यक्ष पण्डितका अनुसार, करिब ४५ लाख रुपैयाँको लागतमा बन्ने भवनमा मिटिङ हलसहित आवश्यक कार्यालय कोठाहरू रहनेछन् । उनले यो भवन ग्यास व्यवसायी र उपभोक्ताको हकहितमा प्रभावकारी सेवा उपलब्ध गराउने उद्देश्यले प्रयोग गरिने स्पष्ट पारे । संघका पदाधिकारीहरूले संगठनात्मक संरचना मजबुत बनाउन र सेवाहरूलाई व्यवस्थित ढंगले उपलब्ध गराउन भवन निर्माणले महत्वपूर्ण योगदान गर्ने विश्वास व्यक्त गरेका छन् ।

# मधेशमा रासायनिक मलको अभावप्रति आजपाको ध्यानाकर्षण

**मधेशदृष्टि**
**बारा ।**
मधेश प्रदेशमा रासायनिक मलको सङ्कट र व्यापक कालोबजारी भइरहेकामा आम जनता पार्टी (आजपा)ले सरकारलाई ध्यानाकर्षण गराएको छ । बाराको बेलहियामा सम्पन्न पार्टी बैठकमा प्रदेश अध्यक्ष उमेश कुशवाहाले किसानलाई मल उपलब्ध गराउन राज्य पूर्णरूपमा असक्षम भएको भन्दै आलोचना गरे । अध्यक्ष कुशवाहाले भने, 'सरकारले अनुदान दिएर डीएपी मलको मूल्य २४ सय रुपैयाँ तोकेको छ । तर, सहकारी संस्थाहरूले डिलरहरूसँग मिलेर खुलेआम ३४ सय रुपैयाँसम्म कालोबजारी गरिरहेका छन् । यसले मधेशका किसानहरूलाई ठुलो मार परेको छ । राज्य यस विषयमा मौन बस्नु स्वीकार्य छैन ।'

प्रसौनी गाउँपालिकाका इन्चार्ज गणेश रामको अध्यक्षतामा भएको छलफलले रासायनिक मलको अभाव र कालोबजारीले किसानको उत्पादनमा नकारात्मक प्रभाव पारिरहेको भन्दै यसलाई राज्यको असक्षमताको प्रमाण भएको ठहर गरेको छ । पार्टीले दोषी डिलर र सहकारी संस्थाहरूमाथि छिटो र कडा कारबाही गर्न सरकारसँग माग गरेको छ । यसैगरी, अनुदानको नाममा हुने ठगी रोक्न प्रभावकारी योजना लागू गर्न सरकारलाई सुझाएको छ । आजपाले मधेशका किसानहरूलाई उचित मूल्यमा मल उपलब्ध गराउने र कृषिमा सहजता ल्याउने विषयलाई प्राथमिकतामा राख्न सरकारसँग आग्रह गरेको छ ।



# सर्लाहीमा बस दुर्घटना हुँदा १८ जना घाइते

**मधेशदृष्टि**
**सर्लाही ।**
पूर्व–पश्चिम राजमार्गस्थित सर्लाहीको ईश्वरपुर नगरपालिका–४ लच्का नजिकै जनकपुरबाट मलङ्गवातर्फ जाँदै गरेको ग १ ख ९४९४ नम्बरको यात्रु बस दुर्घटनामा परेर १८ जना यात्रु घाइते भएका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक रजोश घिमिरेले दुर्घटनामा परेका सबैको अवस्था अहिले खतरामुक्त रहेको जानकारी दिएका छन् । दुर्घटना शुक्रबार साँझ भएको हो । घाइतेहरूलाई मोडेल अस्पताल लालबन्दी, सर्लाही लाइफलाइन अस्पताल नवलपुर र शुभस्वतिक अस्पताल बर्दिबासमा उपचाराधीन राखिएको छ । घाइतेमा धनुषाको हंसपुर नगरपालिका–२ का २८ वर्षीय उदित साह, क्षीरेश्वरनाथ नगरपालिका–५ की २७ वर्षीया चन्दादेवी साह, सबैला नगरपालिका–२ का ३८ वर्षीय हरिशङ्कर साह, मिथिला नगरपालिका–१ की ३५ वर्षीया मन्जुकुमारी महतो, उनका १० वर्षीय छोरा आशिषकुमार र पाँच वर्षीय शुसनकुमार छन् । त्यसैगरी सर्लाही कविलासी नगरपालिका–८ का ६८ वर्षीय रामपुकार मुखिया, सोही स्थानकी २५ वर्षीया सुमित्रादेवी महतो, मलङ्गवा नगरपालिका–१२ की ४५ वर्षीया जतारन महतो, ६५ वर्षीया सखिया महतो, लालबन्दी नगरपालिकाकी २४ वर्षीया रेणुका गौतम, कविलासी नगरपालिका–३ की ३३ वर्षीया मुनिकाकुमारी शर्मा, सोही स्थानका २४ वर्षीय धिरजकुमार ठाकुर, हरिपुर नगरपालिका–७ की ३० वर्षीया बिर्जना सिंह र हरिपुर नगरपालिका–९ की ४५ वर्षीया रीता चौधरी पनि घाइते भएका छन् । महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका–७ की ३९ वर्षीया कमलाकुमारी महतो, उनका छोरा १४ वर्षीय आशिषकुमार महतो र बर्दिबास नगरपालिका–१ की चार वर्षीया श्रृषा पोख्रेल पनि यस दुर्घटनामा घाइते भएका छन् । प्रहरीले दुर्घटनामा संलग्न बस र चालकलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको छ ।

# मिथिलामा राखी पर्व मनाइयो

**महोत्तरी ।**
मिथिला क्षेत्रमा राखी पर्व मनाइएको छ । साउन मध्ययता पानी पर्न थालेपछि ढिलै भए पनि धान रोपाइँ गर्न पाएका मैथिल (मिथिलाका बासिन्दा) खुसीसाथ राखी पर्व मनाएका छन् । चन्द्रमासको साउन पूर्णिमाका दिन मनाइने यो पर्व दाजुभाइ दिदीबहिनीबीच प्रेम र आपसी सद्भावको प्रतीक मानिन्छ । पर्वमा दिदीबहिनीले दाजुभाइको सौर्य वृद्धिको कामना गर्दै दाहिने हातको नारीमा रक्षासूत्र (डोरा, धागो) बाँधिदिने परम्पराको यो पर्वलाई मिथिलामा 'राखी' भनिन्छ । पर्वका लागि दाजुभाइ तथा दिदीबहिनीको तयारीले सम्पूर्ण मिथिलानै केही दिन पहिलेदेखि नै राखीमय बनेको थियो । पर्वले बजारमा चहलपहल निक्कै बढेको थियो । मुख्यत साउन मध्ययता भइरहेको पछिल्लो बर्सातले पर्वमा हासीखुसी छाएको छ । ढिलै भए पनि मुख्यबाली धान रोप्दै राखी मनाउन पाइनुले यसलाई मैथिलले पर्वको सुलक्षण भएको बताएका छन् । 'यसपालि लामो खडेरी पर्यो, समयमा बाली लगाउन नपाएको चिन्ता थियो, साउन शुक्लपक्षले राहत नै दियो,' जलेश्वर–४ सुगाभवानीपट्टीका धीरेन्द्र राय भन्छन्, 'यो साउने पूर्णिमाको सुलक्षण हुनपर्छ । यो साउन शुक्लपक्षको वर्षाले पर्व रमाइलो बनाएको छ । 'खेतीपातीका काम राम्ररी नचल्दा चाडपर्व निरस हुन्छन्,' राय भन्छन्, 'राखी पर्व पछिल्लो वर्षाले खुसीसाथ मनाउने अवसर दिएको छ ।' राखी पर्वले केही दिन पहिलेदेखि नै बजारमा चहलपहल बढेको थियो । जता हेर्यो रङ्गीचङ्गी 'राखी' सजाएर बेच्न राखिएका थिए । पसलमा आफ्ना दाजुभाइका लागि विभिन्न रङका रक्षासूत्र (राखी) किन्न केही दिन पहिलेदेखि नै यस्ता पसल अगाडि मिथिलानी (मिथिलाका नारी) को जमघट देखिँदै आएको थियो । राखीसँगै पर्वमा दाजुभाइलाई ख्वाउन मिष्टान्न परिकारको जोहोमा मिथिलानी थिए । पर्वका लागि दिदीबहिनीको राखी बाँध्ने निम्ता मान्न टाढाटाढा बस्ने दाजुभाइ घर फर्केका थिए । मिथिलामा यो पर्व विवाह भएका दिदीबहिनीले आफ्नै घर वा माइतमा सुविधाअनुसार मनाउँछन् । अविवाहित चेलीको त दाजुभाइकै घर आफ्नो भएकाले घरमै पर्वको तयारीमा किशोरी र मैथिल नवयौवना व्यस्त देखिए । स–साना नानीहरूका लागि पर्वको तयारीमा घरका अभिभावकले सहयोग गरेका थिए । मिथिलाका सबै क्षेत्रमा दाजुभाइ/दिदीबहिनीबीच प्रेम, सद्भाव र एकअर्काप्रतिको समर्पण भाव झल्कने गीत गुञ्जिरहेका थिए ।

मिथिलामा यो पर्व लोकसंस्कृतिको अभिन्न अङ्ग नै बनेको छ । हिन्दू मैथिल परम्पराको यो पर्व अब सबै भाषाभाषी र धर्म समुदायमा समान रूपले लोकप्रिय बनेको मटिहानी–७ स्थित राजकीय संस्कृत माध्यमिक विद्यालय (बोलीचालीमा गुरुकुल) का प्रधानाधयापक ईश्वरी पौडेल बताउँछन् । पर्वमा दिदीबहिनीले राखी बाँधी दिएर मिष्ठान्न परिकार ख्वाएपछि दाजुभाइले वस्त्रआभुषण र नगद दक्षिणा चेलीलाइ दिने गर्दछन् । हिन्दू परम्पराको रक्षाबन्धन पर्वकै एक अङ्गका रूपमा राखी स्थापित भएको यहाँका बुद्धिजीवी बताउँछन् । रक्षाबन्धन पर्वमा गुरूपुरोहितले अभिमन्त्रित डोरा शिष्य र यजमानलाई बाँधिदिने चलन पनि मिथिलामा छ । यद्यपि पर्वको मुख्य आकर्षण चाहिँ दिदीबहिनीले बाँधीदिने राखीकै हुने गरेको एकडारा गाउँपालिकाको बगेया बस्तीका २५ वर्षीय युवा दीपक पाण्डेयको भनाइ छ । अघि सत्ययुगमा तीनै लोक (स्वर्ग, मत्य र पाताल)को अधिपति रहेका दानवराज बलिलाई उनका गुरु शुक्राचार्यले देवतासँगको युद्धमा जानअघि शास्त्रोक्त विधिले अभिमन्त्रित गरिएको डोरा (रक्षाकवच, रक्षासूत्र) बाँधिदिएका विश्वासको परम्परामा पुरोहितबाट डोरा बाँध्ने चलन छ । त्यसैसँग जोडिएका अर्को प्रसङ्गमा बलिका बहिनीहरू गङ्गा र यमुनाले युद्धमा जानअघि विजयको कामना गर्दै हातमा रक्षाबन्धन (रक्षाकवच) बाँधी दिएका र सो युद्धमा बलिको जित भएको सम्झनामा प्रत्येक वर्षको साउन पूर्णिमाका दिन दिदीबहिनीले आफ्ना दाजुभाइको सौर्य वृद्धिको कामना गर्दै राखी बाँधी दिने परम्परा बसेको मिथिला क्षेत्रमा जनविश्वास छ । रासस



# खोलामा डुबेर युवतीको मृत्यु

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको बलरा नगरपालिका–६ मिर्जापुरमा शनिबार साँझ खोलामा डुबेर एक किशोरीको मृत्यु भएको छ । मिर्जापुरस्थित बिकाउ बैठककी १६ वर्षीया रङ्गिला बैठकको पुरानो मनुष्मारा खोलामा डुबेर घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

प्रहरीका अनुसार, रङ्गिला शनिबार साँझ घाँस काटेर घर फर्किदै गर्दा खोलामा तर्न खोज्दा चिप्लिएर जलकुम्भीमा टाउको फसेको थियो । मृतकको शव पोष्टमार्टमका लागि राति नै प्रादेशिक अस्पताल मलङ्गवा लगिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका सूचना अधिकारी प्रहरी निरीक्षक बालिष्टर सिंहले जानकारी दिए । प्रहरी अनुसन्धान जारी रहेको बताइएको छ ।

# औरही–१ का वडा अध्यक्ष चौधरीको निधन



**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको औरही नगरपालिका वडा नं १ का वडा अध्यक्ष जोगी चौधरीको निधन भएको छ । उनको निधनले स्थानीय तहमा ठूलो क्षति पुगेको छ । वडा अध्यक्ष चौधरीको आकस्मिक निधनमा स्थानीय जनप्रतिनिधि र सर्वसाधारणले दुःख व्यक्त गर्दै उनको आत्माको चिर शान्तिको कामना गरेका छन् । साथै, उनको परिवारजनलाई धैर्य धारण गर्न गहिरो समवेदना प्रकट गरिएको छ । उनले आफ्नो कार्यकालमा स्थानीय विकासमा महत्वपूर्ण योगदान पुर्याएका थिए ।

# सरकार एकछिनमा ढल्न सक्छः महतो

**मधेशदृष्टि**
**कैलाली ।**
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) महन्थ ठाकुरले जनताले चाहे अहिलेको शासन सत्ता एकैछिनमा ढल्ने बताएका छन् ।

संघीय लोकतान्त्रिक मोर्चाले कैलालीमा आयोजना गरेको वर्तमान राजनीतिक अवस्थाबारे 'जनजागरण अभियान' कार्यक्रममा उनले यस्तो बताएका हुन् । अधिकार र पहिचानका लागि थारु र मधेशका सैयौँ सपूतले बलिदानी दिए पनि अधिकार पाउन नसकेको उनको गुनासो थियो ।

'अधिकार र पहिचानका निम्ति थारु र मधेशीका सैयौँ सपूतले बलिदानी दिए तर हामीले अधिकार पाएनौँ,' उनले भने । वर्षौँदेखि जरा गाडेर बसेको राजतन्त्र ढलेको बताउँदै जनताले चाहे अहिलेको शासन सत्ता पनि ढल्ने उनको भनाइ छ । 'जनताले अस्वीकार गरेर राजतन्त्र ढल्न सक्छ भने अहिलेको शासन सत्ता पनि जनताले चाह्यो भने एकछिनमा ढालिदिन सक्छ,' ठाकुरले भने । देशमा संघीयता आए पनि अधिकार नपाइएको उनको गुनासो थियो ।

आफूहरूले बनाएको मोर्चा सोही अधिकार प्राप्तिका लागि संघर्ष गर्नका लागि बनेको ठाकुरको भनाइ थियो ।

# निःशुल्क आँखा तथा दन्त स्वास्थ्य परीक्षण सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको पानीटंकीस्थित मिनील्यान्ड स्कूलमा किरण आँखा अस्पताल र रोटरी क्लब अफ वीरगंज (क्षेत्रीय जिल्ला ३२९२०) को आयोजनामा निःशुल्क आँखा तथा दन्त स्वास्थ्य परीक्षण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमअन्तर्गत ३५० जना विद्यार्थीहरूको आँखा परीक्षण गर्दा २५ जनामा दृष्टिदोष पाइएको छ । ती विद्यार्थीहरूलाई निःशुल्क विस्तृत जाँचका लागि किरण आँखा अस्पताल पठाइएको आयोजकले जानकारी दिएका छन् ।

त्यसैगरी, डा। प्रेर्णा प्रियदर्शिनी झाको नेतृत्वमा ३५० विद्यार्थीहरूको दन्त परीक्षण समेत गरिएको विद्यालयले जनाएको छ ।

स्वास्थ्य परीक्षणमार्फत विद्यार्थीहरूको शारीरिक स्वास्थ्यमा सुधार ल्याउने उद्देश्य राखिएको छ ।

स्कूल प्रशासन र आयोजकहरूले यस्तो स्वास्थ्य परीक्षण कार्यक्रम नियमित रूपमा सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# नगरप्रमुखसहितको टोलीद्वारा चुरे क्षेत्रको अवलोकन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भूमिगत पानीको सतह घट्दै गएका बेला धनुषाको मिथिला नगरपालिकाले चुरे र भाँवर क्षेत्रका खोलानालाबाट बगेर खेर जाने पानीलाई सिँचाइ र खानेपानीमा प्रयोग गर्ने सम्भावना खोज्न स्थलगत अवलोकन गरेको छ । नगरप्रमुख महेन्द्र महतोको नेतृत्वमा शुक्रबार भएको टोलीले औरही खोलाको मुहानलगायत क्षेत्र निरीक्षण गरेको हो । नगरप्रमुख महतोका अनुसार भूमिगत पानीको दोहन कम गर्न र वर्षातमा चुरे क्षेत्रबाट बगेर खेर जाने पानीलाई रोकथाम तथा सदुपयोग गर्न अवलोकन गरिएको हो । 'औरही खोलामा प्रशस्त पानी छ । तर, त्यसै खेर गइरहेको छ,' महतोले भने, 'यदि यो पानी पाँच सय मिटर पश्चिममा रहेको बसहीस्थित खहरे खोलामा झार्न सकियो भने सिँचाइका लागि ठूलो राहत मिल्छ । खानेपानीका लागि पनि ठाउँठाउँमा सानो ड्याम बनाएर प्रयोग गर्न सकिन्छ ।'



महतोले मिथिला नगरपालिका हुँदै बग्ने औरही नदीलगायतका खोला–नालामा तटबन्ध निर्माण गरेर वर्षाको पानी चुरे क्षेत्रमा नै रोक्न सकिए तल्लो भूभागको जलस्तर बढ्ने दाबी गरे । उनका अनुसार बटेश्वर, क्षीरेश्वर, लक्ष्मीनियाँदेखि जनकपुरधामसम्मका तल्लोटटीय क्षेत्रमा यसबाट लाभ हुनेछ । उनले तल्लो क्षेत्रका स्थानीय तहलाई पनि आर्थिक लगानीमा सहभागी हुन आग्रह गरे । 'चुरेको पानी चुरे क्षेत्रमा नै रोक्न सकियो भने जमिनमुनि पानीको पुनर्भरण हुन्छ,' उनले भने, 'यसले भूजल सतह माथि आउँछ र अहिलेको पानी संकटको दीर्घकालीन समाधान सम्भव हुन्छ ।'

महतोले यस विषयमा विस्तृत अध्ययनका लागि प्राविधिक तथा विज्ञ टोली पठाउने तयारी भएको जानकारी दिए । प्राविधिक रामविरोध महतोका अनुसार चुरे तथा भाँवर क्षेत्रका खोलामा पानी रोक्ने संरचना निर्माण भएमा जमिनमुनि पानीको भण्डारण बढेर चापाकल र इनार सुक्ने समस्या दीर्घकालीन रूपमा घट्नेछ । उनका अनुसार यसअघि पनि औरही खोलामा यस्तो सम्भावनाको अध्ययन भइसकेको छ । तर, उनले अव्यवस्थित सहरीकरण र वन फँडानीका कारण जमिनले वर्षाको पानी पर्याप्त मात्रामा सोस्न नसकेको र त्यसले भूमिगत जलस्तर तल धकेलिरहेको बताए ।

# अदालतको फैसलापछि फरार रहेका साह पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
बैंकिङ कसूरमा १० दिन कैद र ३० लाख रुपैयाँ जरिवानासमेत तोकिएपछि फरार रहेका वीरगंज महानगरपालिका–१६ का ३४ वर्षीय सुनील साहलाई पर्सा प्रहरीले पक्राउ गरेको छ । देवेन्द्र कुमार कर्णको जाहेरीमा दर्ता भएको मुद्दा नं. ०८०–सि १–०९६२ अन्तर्गत जिल्ला अदालत पर्साले साहलाई १० दिन कैद र ३० लाख रुपैयाँ जरिवाना तिराउने फैसला सुनाएको थियो । सो फैसला कार्यान्वयनका लागि बनेको फैसला कार्यान्वयन टोलीले लुकीछिपी बसिरहेको अवस्थामा उनलाई पक्राउ गरेको हो । पर्सा प्रहरीले दिएको जानकारी अनुसार, साह अम्बे इन्टरप्राइजेज प्रालिका सञ्चालक हुन् । पक्राउपछि उनलाई तुरुन्तै अदालतमा पेश गरी आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइएको छ । पक्राउपछि प्रहरीले कानुनी कारबाहीमा कडाइ गर्दै बैंकिङ कसूर जस्ता अपराधमाथि ध्यान दिनुपर्ने बताएका छन् ।

# वर्षाले बाटो भत्किँदा फोहोर व्यवस्थापन ठप्प

**मधेशदृष्टि**
**सप्तरी ।**
लगातारको वर्षापछि बाटो भत्किँदा सप्तरीको खडक नगरपालिकाको फोहोर व्यवस्थापन कार्य प्रभावित भएको छ । नगरक्षेत्रका सबै वडामा नियमित रूपमा सरसफाइ गर्दै आएको नगरपालिका 'ट्रेन्च ल्यान्डफिल'सम्म पुग्ने बाटो अवरुद्ध भएपछि फोहोर उठाउने कार्य रोकिएको हो । नगर प्रमुख जयप्रकाश चौधरीका अनुसार वर्षाको कारण ल्यान्डफिलसम्म जाने बाटो तीन–चार स्थानमा भत्किएकाले तत्कालका लागि फोहोर संकलन र व्यवस्थापन असम्भव भएको छ । 'बाटो मर्मतको काम शुरु भइसकेको छ । सुचारु हुन तीन–चार दिन समय लाग्ने अनुमान छ,' चौधरीले भने । मधेश प्रदेशमै एकमात्र खडक नगरपालिकाले ट्रेन्च पद्धतिमा फोहोर व्यवस्थापन गर्दै आएको छ । यस विधिमा जैविक, अजैविक र अन्य प्रकारका फोहोर छुट्टाछुट्टै व्यवस्थापन गरिँदा नगरको फोहोर अन्य स्थानमा नजाने व्यवस्था गरिएको छ । नगरपालिकाले असुविधाका बीचमा पनि अस्थायी रूपमा फोहोर थुपार्ने स्थानको खोजी गरिरहेको र बाटो सुचारु भएपछि पुनः नियमित व्यवस्थापन शुरु गर्ने जनाएको छ ।

# भगवान सूर्यनारायण र महर्षि याज्ञवल्क्यको मन्दिर स्थापना



मधेशदृष्टि
जनकपुरधाम ।
वैदिक परम्परा र ज्ञानको केन्द्रका रूपमा प्रसिद्ध जनकपुरधामको श्री याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय, ज्ञानकुप परिसरमा भगवान सूर्यनारायण र महर्षि याज्ञवल्क्यको भव्य मन्दिर स्थापना गरिएको छ । श्री सत्य नारायण मुजुमदार गुडकुंटी (रायचुर, कर्नाटक) को नेतृत्वमा करिब ६ लाख रुपैयाँ खर्चेर मन्दिर निर्माण गरिएको हो ।

मन्दिर स्थापना शाकाह्न १९४७ साल, विश्वावसु संवत्सर, श्रावण शुक्ल नवमी (३ अगस्त २०२५, आइतबार) मा सम्पन्न भएको थियो भने श्रावण शुक्ल पूर्णिमाको अवसर पारेर विधिवत पूजा–पाठ शुरु गरिएको छ । विद्यालयका प्रधानाध्यापक संजय झा र मुजुमदारले संयुक्त रूपमा वैदिक मंत्रोच्चार गर्दै पूजा गरेका थिए । कार्यक्रममा विद्यालय व्यवस्थापन समिति, शिक्षक–अभिभावक संघका प्रतिनिधि तथा वडा नं ८ का अध्यक्ष दिनेश सिंह लगायतको उपस्थिति रहेको थियो । वैदिक साहित्यका प्रखर द्रष्टा महर्षि याज्ञवल्क्य शुक्ल यजुर्वेदको वाजसनेयी शाखाका विद्वान् थिए । उनका कृतिहरूमा शतपथ ब्राह्मण, निर्णय सागर, त्रिवेन्द्रम् र आनन्दाश्रम संस्करण प्रचलित छन् ।

# बसको ठक्करबाट वृद्धको मृत्यु

**मधेशदृष्टि**
**सप्तरी ।**
पूर्व–पश्चिम राजमार्गअन्तर्गत सप्तरीको अग्नीसाईर कृष्णासवरन गाउँपालिका–२ चाँदनी चौकमा शनिबार बिहान बसको ठक्करबाट एक वृद्धको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार स्थानीय सितापुर निवासी ६८ वर्षीय बुदुर चौधरीको घटनास्थलमै मृत्यु भएको हो । प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतका अनुसार पश्चिमबाट पूर्वतर्फ गइरहेको प्र १–०१–००१ ख ४५६० नम्बरको बसले साइकलमा धानखेततर्फ जाँदै गरेका चौधरीलाई पछाडिबाट ठक्कर दिएको थियो ।

बिहान करिब ६ बजे भएको दुर्घटनामा चौधरी गम्भीर रूपमा घाइते भई उपचारपूर्व नै मृत घोषित भएका हुन् । ठक्कर दिने बस र चालकलाई इलाका प्रहरी कार्यालय कञ्चनपुरले नियन्त्रणमा लिएको छ । मृतकको शव पोष्टमार्टमका लागि गजेन्द्र नारायण सिंह अस्पताल राजविराज पठाइएको प्रहरीले जनाएको छ ।

घटनापछि आक्रोशित स्थानीयवासी र मृतकका आफन्तहरूले पूर्व–पश्चिम राजमार्ग अवरुद्ध गर्दै दोषीलाई कारबाही र पीडित परिवारलाई उचित क्षतिपूर्ति दिन माग गरेका थिए । प्रहरीले स्थानीयसँग वार्ता गर्दै सडक सुचारु गराएको जनाएको छ ।

# संस्कृतिसँग जोडिएका चित्रकलाहरू प्रदर्शन



**मधेशदृष्टि**
**सर्लाही ।**
नेपाल एकीकृत विकास समाज लालबन्दीले आयोजना गरेको १४ दिने मिथिला चित्रकला तालिममा सहभागी महिलाहरूले मिथिला संस्कृतिसँग सम्बन्धित विभिन्न विषयमा सिर्जना गरेका चित्रकलाहरूको प्रदर्शनी आयोजना गरिएको छ । चन्द्रनगर गाउँपालिका–२, बबरगन्जकी अनारकली सिंहले संस्कार र संस्कृतिसँग जोडिएका विषयमा चित्रकलामा काम गर्न पाउँदा अत्यन्त खुसी व्यक्त गरिन् । यस तालिममा चन्द्रनगरका १५ जना महिलालाई प्रमुख प्रशिक्षक कामिनीकुमारी साहले मिथिला चित्रकलाको सीप सिकाएकी थिइन् । नेपाल एकीकृत विकास समाज लालबन्दीका कार्यकारी निर्देशक दिवाकर झाले बताएअनुसार, यो तालिमले महिलालाई आयआर्जनसँग जोड्न र सामाजिक विषयमा सचेत बनाउन पनि सहयोग पुर्याएको छ । महिलाहरूले आफ्नो चित्रकलामा मिथिला क्षेत्रका सांस्कृतिक झल्को मात्र नभई घरेलु हिंसा, बालविवाह, लैङ्गिक हिंसा र कानुनी उपचारजस्ता संवेदनशील विषयहरूलाई समेत समेटेका छन् । हरिवन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हेमराज फुयाँलले ग्रामीण क्षेत्रका गृहिणी महिलाहरूले यति सुन्दर र सशक्त चित्रकलाहरू प्रस्तुत गरेकामा खुशी व्यक्त गर्दै यस्तो कार्यक्रमले महिलाहरूको सशक्तीकरणमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

# स्वास्थ्य चौकी किसनपुरको नवनिर्मित भवनको उद्घाटन



**राजिव साह**
**सर्लाही ।**
सर्लाहीको चन्द्रनगर गाउँपालिका–१, रत्नपुरस्थित स्वास्थ्य चौकी किसनपुरको नवनिर्मित भवन शनिबार एक विशेष कार्यक्रमका बीच उद्घाटन गरिएको छ । चन्द्रनगर गाउँपालिकाका अध्यक्ष राजकुमार महतोको अध्यक्षता तथा मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधन प्रसाद सिंहको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा वडा अध्यक्ष रामईश्वर महतो, जनस्वास्थ्य कार्यालय सर्लाहीका प्रमुख नवल किशोर झालगायत स्थानीय जनप्रतिनिधि, स्वास्थ्यकर्मी र स्थानीयवासीको उल्लेखनीय उपस्थिति रहेको थियो । मन्त्री सिंहले भवन उद्घाटन गर्दै गाउँस्तरमा स्वास्थ्य सेवा सहज र गुणस्तरीय बनाउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताए । उनले नयाँ भवन निर्माणसँगै स्थानिय बासिन्दाले समयमै उपचार पाउने सुविधा हुने विश्वास व्यक्त गरे । वडा अध्यक्ष महतोले पुरानो भवनबाट स्वास्थ्य सेवा विस्तार गर्न असहज भएकाले अब नयाँ भवनबाट सेवा सञ्चालन हुने बताउँदै भवन निर्माणले आफूहरू निकै खुसी भएको बताए । उनले मधेश प्रदेश सरकारप्रति धन्यवाद ज्ञापन गरे । कार्यक्रममा सहभागी स्थानिय नेताहरुले मन्तव्य राखेका थिए ।

# सर्लाहीमा सयौँ कार्यकर्ता काँग्रेसमा प्रवेश



**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको बसबरिया गाउँपालिका–४ र ५ मा जसपा नेपाल परित्याग गर्दै पूर्व वडा अध्यक्ष कमल चौधरी र वर्तमान वडा अध्यक्षका भाइ युवा नेता सुरेश साहको नेतृत्वमा सयौँ कार्यकर्ता नेपाली काँग्रेसमा प्रवेश गरेका छन् ।

पार्टी प्रवेश कार्यक्रम नेपाली काँग्रेसका मधेश प्रदेश उपाध्यक्ष तथा पूर्वमन्त्री विरेन्द्र प्रसाद सिंहको प्रमुख आतिथ्यमा सम्पन्न भयो । सिंहले नवप्रवेशीहरूलाई माला, अबीर र गम्छा लगाएर पार्टीमा स्वागत गरेका थिए । कार्यक्रममा बोल्दै सिंहले नेपाली काँग्रेस नै लोकतन्त्र र विकासको आधार भएको बताउँदै नवप्रवेशीहरूको आगमनले स्थानीय स्तरमा पार्टी अझ सबल हुने विश्वास व्यक्त गरे ।

पूर्व वडा अध्यक्ष चौधरीले आफ्नो नेतृत्वमा काँग्रेस प्रवेश गर्ने निर्णय जनताको चाहना र क्षेत्रको विकासका लागि गरिएको बताए । युवा नेता साहले पनि काँग्रेसको विचार र कार्यशैलीप्रति विश्वासका कारण यो कदम चालेको स्पष्ट गरे । स्थानीयस्तरमा आयोजित कार्यक्रममा दर्जनौँ युवादेखि महिला कार्यकर्तासम्मको उल्लेखनीय उपस्थिति देखिएको थियो । नवप्रवेशीहरूले काँग्रेसमा रहँदै लोकतान्त्रिक मूल्य र जनताको सेवा गर्ने संकल्प व्यक्त गरे ।


## ईन्स्टिच्युट अँफ हेल्थ रिसर्च डेभलपमेन्ट प्रा.लि.
## Institute of Health Research Development Pvt. Ltd.
जनकपुरधाम-४, धनुषा
JanakpurDham-4, Dhanusha
☎०४१-४२२६७९

**भर्ना खुल्यो !     भर्ना खुल्यो !!     भर्ना खुल्यो !!!**

जनकपुर अञ्चलको सबैभन्दा पुरानो २०५२ सालदेखि संचालनमा रहेको ईन्स्टिच्युट अफ हेल्थ रिसर्च डेभलपमेन्ट, प्रा. लि. (IHRD) जनकपुरधाम-४, धनुषामा शैक्षिक सत्र २०८२/०८३ को लागि स्वास्थ्य तर्फको सामान्य चिकित्सा हेल्थ असिस्टेन्ट ३ वर्षे कोर्षमा भर्ना खुलेकोले S.L.C./SEE पास विधार्थीहरुले आवेदन फारम भर्नुहोस् ।

***तपशिल***

१. फारम भर्ने अन्तिम मितिः यहि श्रावण २५ गते सम्म
२. सम्पर्क स्थानः ईन्स्टिच्युट अफ हेल्थ रिसर्च डेभलपमेन्ट प्रा. लि. जनकपुरधाम-४, धनुषा, सरहन्चिया कुट्टी देखि दक्षिण तर्फ पुरानो कर्मचारी संचयकोष कार्यालय नजिकै कटैया चौरी जाने बाटोमा
३. सम्पर्क नं.: 041-422679, 9846073300, 9844220968, 9807678737, 98842433810

नोटः यस इन्स्टिच्युटमा २०५२ साल देखि स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको साथै २०७९ सालदेखि सामान्य चिकित्सा ३ वर्षे कार्यक्रम संचालन भइ रहेकी समेत जानकारी गराइन्छ ।

**- प्रिन्सिपल**

## सम्पादकीय

# ऋषितर्पणी, रक्षाबन्धन र जनैपूर्णिमा

प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिनमा मनाइने ऋषितर्पणी, रक्षाबन्धन एवम् जनैपूर्णिमा पर्वको आफ्नै महत्त्व छ । बिहानै स्नान गरी नयाँ यज्ञोपवित (जनै) धारणसहित डोरो बाँधेर मनाइने जनैपूर्णिमाको महत्व हो । श्रावण महिनामा गरिने स्नान भएकाले यस पर्वलाई श्रावणी स्नान पनि भनिन्छ । सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु बृहस्पतिले रक्षा विधान तयार गरी 'जेले गर्दा अत्यन्त बलशाली दानवराज बलि बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित वन, विचलित नहोऊ' भनी डोरो बाँधेर जोगाएका थिए भन्ने पौराणिक मान्यताका आधारमा यो पर्व मनाउने गरिन्छ । रक्षाबन्धन गर्ने बेलामा गुरु पुरोहितले 'येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामि रक्षेमा चलमाचल' भनी रक्षासूत्र, रक्षाबन्धन अथवा डोरो बाँध्ने वैदिक परम्परा छ ।
मानव रक्षाका लागि जप, तप र पूजा गरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितले यजमानको नाडीमा बाँधिदिएर सबैतिर पर्व मनाइएको छ । स्नानपछि जौ, तिल र कुशद्वारा ऋषिहरूलाई तर्पण गरी वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको नयाँ जनै (यज्ञोपवित) फेरिएको छ । सप्तऋषिहरू काश्यप, अत्रि, भारद्वाज, गौतम, जमदग्नि, वशिष्ठ र विश्वामित्रलाई तर्पण दिने गरिन्छ । ऋषिलाई तर्पण गर्ने भएकाले आजको दिनलाई ऋषितर्पणी पनि भन्ने गरिएको हो ।
वैदिक गुरु परम्पराअनुसार यज्ञोपवित अर्थात् जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागोका रूपमा मानिन्छ । जनैका दुई शिखामध्ये एउटा शिखामा रहने तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वरको प्रतीकका रूपमा पुजिन्छ । अर्को डोराको तीनवटा शिखालाई भने कर्म, उपासना र ज्ञानको त्रियोगका रूपमा लिइन्छ ।
यही दिन ११ थरीका गेडागुडी मिसाई भिजाएर टुसा उमारी क्वाँटी बनाएर खाने गरिन्छ । यसरी क्वाँटी बनाई खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षायामभर खेतीपातीको काम गर्दा शरीरमा लागेको चिसो निकाली भित्रदेखि तापको सञ्चार गर्छ भन्ने धार्मिक मान्यता छ । तराई क्षेत्रमा भने आजकै दिन दिदीबहिनीले दाजुभाइलाई राखी बाँधेर यो पर्व मनाइन्छ । दिदीबहिनी र दाजुभाइका बीचमा प्रेमसम्बन्ध बढ्छ भन्ने सामाजिक मान्यता छ । नेवारी समुदायले भने श्रावण शुक्ल पूर्णिमालाई गुन्हु पुन्हीका रूपमा मनाउने गर्छन् । विशेषगरी क्वाँटी खाने परम्परा नेवारी समुदायको यसै पर्वबाट आएको हो भन्ने तर्क पनि एकथरी संस्कृतिविद्को छ । नेवारी समुदायका मानिसले घण्टाकर्ण राक्षसलाई समाप्त पार्ने योगदान गरी मानवीयतालाई बचाउन सहयोग गरेको विश्वासमा भ्यागुतालाई पूजा गर्ने परम्परा छ ।

# मुस्ताङ, मार्फा हुँदै मुक्तिनाथ



धर्मेन्द्र विह्वल

गर्मी छिप्पिँदै जाने महिना हो वैशाख । जति जति दिन परिवर्तन हुँदै जान्छ, गर्मी बढ्दै जान्छ । तर यस वैशाखको अन्त्यतिर (२९ गते) को रात मुस्ताङ स्वाभाविक अवस्थामा थिएन । त्यो रात मार्फामा सुत्दा सिरक निकै आवश्यक महसुस भयो । चिसो, त्यसमाथि मुक्तिनाथ जाने हुटहुटीले होला, राती राम्रो निन्द्रा लागेन । होटेलको कोठा पनि राम्रै थियो । अग्रजद्वय हरिविनोद अधिकारी र तारानाथ दाहाल जोमसोम गएकाले कोठामा म र छोरा आदित्यमात्र थियौँ । सुताइमा कुनै समस्या थिएन, तर निन्द्रा राम्रो भएन । २०८२ को वैशाख ३० गतेको बिहानै करिब पाँच बजेतिर ओछ्यान छोडेर आदित्यलाई निन्द्राबाट ब्युँझाएको थिएँ ।
हिजो राती म तल रेस्टुरेन्टमा खाना खाइरहेकै बेला प्रेस युनियनका अध्यक्ष शिव लम्साल जोमसोमबाट आइपुगेका थिए । प्रेस युनियनले आयोजना गरेको लोमान्थाङ अन्तर्राष्ट्रिय मिडिया सम्मेलनअन्तर्गतको एउटा सत्र ३० गते जोमसोममा सञ्चालन गर्नुपर्ने थियो । त्यसैको तयारीका सन्दर्भमा जोमसोम गएका अध्यक्ष लम्साल र उनको टिम फर्केर रात बिताउन मार्फास्थित म बसेकै होटेलमा आएपछि त्यो टिमसँग एक छिन समय बिताउनु स्वाभाविक नै थियो । हामी एक छिन बस्यौ । बाराका पत्रकार मित्रहरू श्याम यादव र हङकल्पित न्यौपाने त्यहीँ थिए । रात क्रमशः छिप्पिँदै थियो । चिसो बढ्दै थियो । यस भूमिमा दोस्रो पटक टेकिरहेको थिएँ । उत्साह स्वाभाविकै थियो । मैले शिवलाई भोलिको कार्यक्रमबारे सोधेको थिएँ ।
प्रश्न पूरा हुन नपाउँदै उनले भनेका थिए–अँ ! मैले तपाईंको कुरा बुझेको छु । तपाईंले आदित्यलाई मुक्तिनाथको दर्शन गराउनुपर्नेछ । उनी एकोहोरो भनिरहेका थिए–धेरै रात भइसक्यो । अब गएर सुत्नुस् । भोलि हाम्रो कार्यक्रम करिब नौ बजे जोमसोम बजारको एयरपोर्टनजिकको एउटा हलमा सुरु हुन्छ । जलवायु परिवर्तन र त्यसको प्रभावबारे स्थानीयसँग छलफल र तिनको अनुभव आदानप्रदानको कार्यक्रम छ । धेरै लामो हुँदैन । तपाईंलाई मैले लोमान्थाङ जाने सूचीमा पनि राखेको छु । उनी कार्यक्रमबारे बेलिबिस्तार लगाइरहेका थिए–बिहान तपाईंहरू यहाँबाट छ बजेसम्म हिँड्नुस् ।
उनले हङकल्पिततर्फ देखाउँदै भने– यिनको गाडी छ, आफै चलाउँछन् । मुक्तिनाथ जानुस्, तर दस बजेसम्म आइपुग्नुस् । ढिलो भएछ भने लोमान्थाङको गाडी छुट्छ नि ! सक्नुहुन्छ भने जोमसोमको कार्यक्रममा एक छिन देखिँदा राम्रो । मधेशको मानिसले हिमालमा आएर जलवायु परिवर्तनको प्रभावबारे बिचार राख्दा राम्रै हुन्छ । आउन सक्नुभएन भने लोमान्थाङ त छँदै छ । तर याद गर्नुहोला दश बजेपछि आउनुभयो भने म छोडेर जान्छु नि ! त्यसपछि उनी सरासर कोठातिर लागे ।
त्यस बेला त हङकल्पितले पनि मुक्तिनाथ यात्राका लागि सहमति जनाएका थिए । म, आदित्य, श्याम, हङकल्पित र अनिल ढकाल जाने निधो भएको थियो । म छक्क परेको थिएँ, शिवको सम्झने र समन्वय क्षमता देखेर । काठमाडौँमै मैले आदित्य र म मुक्तिनाथ र लोमान्थाङ कोरोला पनि जान चाहेको कुरा शिवलाई भनेको थिएँ ।
मनमा तैपनि एउटा कुरा बारम्बार आइरहेको थियो–रातको कुरा न हो । त्यति नै बेला श्यामको फोन आयो । उनले भने–दाइ उठ्नुभयो ? हामी त उठिसकेका छौ । हामी रेडी भइरहेका छौँ । तपाइहरू पनि तयार भएर तल झर्नुस् । अब भने ढुक्क भएँ, आदित्यको मुक्तिनाथ दर्शन सुनिश्चित हुने भयो । एकै छिनमा हङकल्पित र श्याम आइपुगे । हामी त्यहाँबाट गाडीमा अगाडी बढ्यौं । चालक–नेतृत्व हिजोको सहमतिअनुसार हङकल्पितले नै गरेका थिए । थोरै अगाडी अर्को होटेलबाट अनिललाई लिएर हामी करिब सवा छ बजेतिर आफ्ना सबै सामान झोला गाडीमै राखेर मार्फाबाट मुक्तिनाथका लागि प्रस्थान गरेका थियौं । सूर्योदय भइरहेको थियो । हिमाली जिल्ला मुस्ताङको सदरमुकाम जोमसोम बिस्तारै नजिकिँदै थियो ।
गाडी गुडेसँगै सूर्यको आकार पनि बढिरहेको थियो । सूर्यको किरण हाम्रा बाटो छेवैको कालीगण्डकीको पानीमा पर्दा पानीभित्रै सूर्य उदाएको हो कि भन्ने भान भइरहेको थियो । यति मात्र होइन निलगिरीको हिउँमाथि सूर्यको किरण पर्दा पहेँला भई टल्केका निलगिरीका टाकुरा देखाउँदै मैले अनिललाई सोधेँ–भाइ त्यो दृश्य हेर त, कुनै कविता फुरेन ? उनले हाँस्दै भने–फुर्न त फु¥यो दाइ, तर अहिले लेखिएन । लेख्ने सामग्री नै रोकिएन । अनिलको कुरा सुनेर हामी सब हाँस्यौँ ।
हामी अगाडी बढिरहेका थियौँ । मार्फाबाट करिब चार किलोमिटरको दूरीमा रहेको जोमसोम बजार आइपुग्दा रातो सूर्यको आकार बढिसकेको थियो, सँगै चिसोको पारो तल झर्दै थियो ।
दायाँपट्टिको कालीगण्डकी किनारमा एकातिर लमतन्न फैलिएको छ जोमसोम विमानस्थल । कालीगण्डकीको अर्कोपट्टी शिरमा निलगिरी पर्वत, जो यहाँबाट उत्तरमा होइन, दक्षिणमा देखिन्छ । यही भएर पनि होला मुस्ताङलाई हिमालपारिको जिल्ला भनिएको । गाडी भित्रैबाट विमानस्थलको धावनमार्ग देखिन्छ । यो धावनमार्ग देख्ने बित्तिकै २०७९ को जेठ १५ गतेको विमान दुर्घटनाको सम्झना हुन पुग्यो । पोखराबाट जोमसोमका लागि उडेको यति एयरको विमान जोमसोम पुग्नै लाग्दा मानापाथी हिमाल मुनिको सानुसरे लेकमा दुर्घटना भएको थियो । विमानमा सवार सबै जना बितेका थिए । जोमसोम विमानस्थल नेपालकै महत्त्वपूर्ण र जोखिमयुक्तमध्ये मानिन्छ ।
हिमाल पारीको जिल्लाका रूपमा चिनिने मुस्ताङ सुक्खा वातावरणयुक्त कठिन भूगोलका रूपमा चर्चित छ । यस जिल्लाको अधिकांश स्थानमा बिहानको केही घण्टापछि बेगका साथ हावा चल्ने गर्छ । समुन्द्र सतहबाट २ हजार ७४३ मिटरको उचाइमा अवस्थित जोमसोम पनि अपवाद छैन । हावाहुरीकै कारण यहाँ प्रायः बिहानको १०÷११ बजेपछि विमान उडान कठिन हुन्छ । मुस्ताङमा पर्यटक ओसारपसारका लागि अहिले पनि विमान सेवाको भूमिका महत्त्वपूर्ण छ । त्यसो त अचेल यहाँ आउन सुविधाजनक बस सेवा उपलब्ध छन्, तर पर्यटकको रोजाइमा अहिले पनि विमान सेवा नै पर्ने गरेको स्थानीयको अनुभव छ । अझ भारतीय पर्यटक त एक रात जोमसोम बसेर मुक्तिनाथको दर्शन गरेर भोलिपल्टै यहाँबाट जान खोज्छन् ।
उनीहरू अधिकांशको रोजाइमा विमान सेवा पर्ने गर्छ । पहिले जोमसोमसम्म विमानमा तीर्थालु आउँथे र यहाँबाट पैदल वा घोडामार्फत करिब ३ हजार ८०० मिटरमा रहेको विष्णु मन्दिरका रूपमा स्थापित मुक्तिनाथ दर्शन गर्न जान्थे । केही समय पनि लाग्थ्यो । यो मन्दिर विश्वमै सबैभन्दा उचाइमा रहेको विष्णु मन्दिर मानिन्छ । अहिले त जोमसोमबाट मुक्तिनाथसम्मको बाटो निकै राम्रो छ, एक दिनमै जोमसोम आगमन र मुक्तिनाथको दर्शन सहज भएको छ । यही कारण हुनुपर्छ, भारतीय पर्यटकको संख्या अहिले यस जिल्लामा बढेको छ । विमानस्थल हेर्दै मनमनै गमिरहेको थिएँ, मुस्ताङलाई विश्वमा चिनाउन यो विमानस्थलको ठूलो भूमिका छ । तर विमानस्थलको भौतिक पूर्वाधार र प्रविधि अझै कमजोर छ । सुरक्षित उडान र अवतरणका लागि आवश्यक उपकरण र यन्त्रको अभाव रहेको स्थानीयको गुनासो छ ।
यसअघि म मुस्ताङ आउँदा मार्फाका पत्रकार भाइ सुशील थकालीबाट निकै सहयोग प्राप्त भएको थियो । यस पटक पनि मैले मार्फामा उनको खोजी गरेँ, तर पछि थाहा पाएँ आफ्नो होटेल व्यवसायलाई बिस्तार गर्ने क्रममा उनले आफ्नो बसाइँलाई बिस्तार गर्दै जोमसोम सारेका थिए । बिहानैको समय भएकाले मैले उनलाई सम्पर्क गरिन । आजको जोमसोमको कार्यक्रमको स्थानीय आयोजकमध्ये हुन् उनी । पछि मुक्तिनाथबाट फर्कँदा भेट भइहाल्छ भनेर पनि अहिले भेट्न जोड गरिनँ ।
छोरोलाई काठमाडौँ पठाउनुपर्नेछ । मेरा परिवारको सदस्यजस्तै छन् भाइहरू प्रेस युनियनका उपाध्यक्ष जीवन भण्डारी, खिला कार्की तथा छायाचन्द्र भण्डारी । आदित्यलाई आफूहरूसँगै काठमाडौँ लगिदिन उनीहरूलाई हिजो राती आग्रह गरेको थिएँ । जोमसोमको कार्यक्रम सम्पन्न भएपछि ती भाइहरू मुक्तिनाथ जाने कार्यक्रम थियो । मचाहिँ मुक्तिनाथबाट फर्केपछि लोमान्थाङ जाने । जीवन, खिला र छायाँचन्द फर्केर जोमसोम नआउन्जेल आदित्यलाई जिम्मा लगाउन पनि मैले सुशीललाई भेट्न जरुरी थियो । तर अहिले नै होइन, मन्दिरबाट आएपछि उनलाई भेट्छु भन्दै हामी अगाडी बढेका थियौँ ।
हामी जोमसोममा रोकिएनौ । रोकिनुपर्ने खासै कारण पनि थिएन । हामी अगाडि बढिरहँदा केही कुरा भने विचारणीय रूपमा हाम्रासामु आयो । त्यो के भने पहिलो त, सडक पहिलेको तुलनामा राम्रो बनेको रहेछ । यसअघि म यहाँ आउँदा जोमसोमदेखि मुक्तिनाथसम्मको बाटो ठाउँ ठाउँमा कच्ची थियो । अहिले भने पूरै पक्की बनिसकेको रहेछ । गति कमबेसी होला, तर नेपालमा विकासै नभएको कहाँ हो र ? यसैले पनि होला, यस पटक मुक्तिनाथ पुग्न धेरै समय नलागेको अनुभूति भयो । अर्को, कालीगण्डकी किनारमा धुलो राम्रै उडेको देखियो । स्थानीयका अनुसार पहिला यस जिल्लामा पानी पर्दैन थियो, वर्षा हुन्नथ्यो । हिउँ पथ्र्यो । स्याउ, फापरलगायतका कृषि उत्पादन राम्रै हुन्थ्यो । अहिले यहाँ हिउँ कम पर्न थालेको छ । पछिल्ला वर्षहरू वर्षा हुन थालेको छ । रैथाने कृषि उत्पादनमा कमी आएको छ ।
यो यात्राबाट फर्केको केही दिनपछि, शायद जेठको अन्तिमतिर कालीगण्डकीमा बाढी आएको समाचार नेपाली सञ्चारमाध्यममा सार्वजनिक भए । कागबेनी र मुक्तिनाथ क्षेत्रमा नयाँ आधुनिक पक्की घरहरूको संख्या बढिरहेको छ । जलवायु परिवर्तनको प्रभावबाट मुस्ताङ सम्भवतः नेपालको सर्वाधिक प्रभावित हुनेमध्येको जिल्ला हो । जोमसोमदेखि कागबेनी करिब नौ किलोमिटर र त्यहाँबाट मुक्तिनाथ झन्डै ११ किलोमिटर ।
सात बजेको हुँदो हो, हामी कागबेनी कटिरहेका थियौं । पितृश्राद्ध कर्मका लागि निकै प्रसिद्ध मानिने कागबेनीबारे अनेकौँ मिथक र किंवदन्ती प्रचलित छन् । अहिले त्यसबारे यहाँ चर्चा गरिएन । करिब साढे सात बजेतिर हामी मुक्तिनाथ मन्दिरको पार्किङ क्षेत्रमा पुगेका थियौं । त्यहाँ गाडी पार्क गरेर मन्दिरतर्फ बढ्यौँ । म पहिले पनि आइसकेका हुनाले मेरा लागि खासै नयाँपन थिएन । बाटो फराकिलो बन्दै थियो । निर्माण कार्य भइरहेको थियो । छोरा आदित्यका लागि भने यो पूरै भ्रमण नौलो थियो । मुक्तिनाथको यात्रा उनका लागि निकै प्रतीक्षित थियो । यहाँ आउन पाउँदा उनको अनुहारमा एक किसिमको उज्यालोको अनुभव गर्न सकिन्थ्यो । आदित्य र साथीहरूको फोटो सेसन बाटोभरि चलेकै थियो ।
यसअघि मैले २०७९ को जेठ १३ गते मुक्तिनाथको दर्शन गरिसकेको छु । त्यस बेला पत्नी मुन्नीका साथै छोरी शिवार्ती र भाइ अमृत मिश्र साथमा थिए । त्यस बखत हामीले मुक्तिनाथ मन्दिरको तल पार्किङ नजिकैको सानो बजारमा रहेको होटेल अन्नपूर्णमा रात बिताएका थियौं । होटेल सञ्चालक रवीन सुवेदीजीले निकै सहयोग गरेका थिए । रवीनजी मुक्तिनाथ मन्दिरको व्यवस्थापन र सञ्चालनसँग सम्बद्ध छन् । उनी मन्दिर व्यवस्थापन समितिका सदस्य पनि रहेका कारण हामीलाई त्यस बेला दर्शन गर्न सहज भएको अनुभव छ । यस पटक हामी पार्किङबाट अगाडी बढ्दै जाँदा होटेल अन्नपूर्ण देखिएको थियो ।
छिट्टै फर्कनुपर्ने समयको चापमा रहेकाले हामी होटेल भने गएनौँ । मैले सोचेँ–रवीनजीलाई कि त मन्दिरमै भेटिन्छ, होइन भने फर्कँदा उनलाई होटेलमा भेटौँला । यसो विचार गरेँ–जोमसोमदेखि यहाँसम्म सडक यातायात सहज हुँदा अनुकूल÷प्रतिकूल दुवै प्रभाव परेको छ । यात्रुलाई आउन सहज भएको छ । तर यातायात धेरै सहज हुँदा यहाँ पनि कंक्रिटको जालो बिस्तार भइरहेको छ । बजार साँघुरिँदै गर्दा व्यवसायीको गुनासो बढेको छ । मुक्तिनाथ क्षेत्र अतिक्रमणमा परेको गुनासो पनि स्थानीयको छ । पछिल्लो समय विष्णुप्रसाद भुसाल प्रमुख जिल्ला अधिकारीका रूपमा यहाँ आएपछि मुक्तिनाथ मन्दिरको व्यवस्थापनमा स्थानीय प्रशासनको सक्रियता बढेको मानिन्छ ।
हामी मुक्तिनाथको पाउमा पुगिसकेका थियौं । यहाँबाट सिँढी उक्लिँदै माथि मन्दिरसम्म गयौँ । त्यसो त छेउबाट गोरेटो बाटो पनि छ । घोडाबाट पनि मन्दिरसम्म पुग्न सकिन्छ । मन्दिरनजिकै हेलिप्याड छ । हामीले सिँढीको बाटो रोजेका थियौं । तलबाट मन्दिरसम्म पुग्न तीन सय ६८ खुड्किलो उक्लिएपछि हामी मन्दिरको मूल द्वारसामु थियौं । बिहानको करिब सवा आठ बजेको थियो । हाम्रा सामुन्ने थियो पाप र पुण्य कुण्ड । मन्दिरको थोरै पछाडि थिए–एक सय आठ वटा धारा । हामीले साढे दस बजेसम्म जोमसोम फर्किसक्नु पर्ने थियो । मन्दिरमा केही भीड थियो । मैले रवीनजीको खोजी गरेँ । तर उपयुक्त जानकारी पाउन सकिएन ।
काम खासै थिएन । काठमाडौँबाट यो यात्राका लागि तयारी गरिरहँदा पत्नी मुन्नीले भगवान् मुक्तिनाथका लागि घरमै बनाएको गाईको घिउ र आफैले तयार गरेको बत्ती दिँदै मन्दिरका पुजारीलाई दिन भनेकी थिइन् । उनले यसभन्दा पहिले आफैले यो काम गरेकी थिइन् भने यस पटक मलाई निमित्त बनाएकी थिइन् । हामीले एक सय आठ धारा तथा पाप र पुण्य कुण्डमा स्नान ग¥यौँ । केही बेर लाइनमा लागेर हामी मन्दिरभित्र भगवान् मुक्तिनाथसामुन्ने थियौं । मैले मुन्नीले पठाएको सामग्री पुजारी कृष्ण गुरुलाई हस्तान्तरण गरेँ । मुन्नीलाई यसबारे जानकारी तत्कालै गराएँ ।
भगवान् मुक्तिनाथको दर्शनको अनुभूति दिव्य थियो । यो त मेरो दोस्रो यात्रा थियो । मनमा एउटा भाव छ–यस स्थानमा जति पटक आए पनि मलाई सन्तोष हुने छैन । शालिग्रामको उद्गम स्थल मानिने यो स्थान हिन्दू धर्मावलम्बीबीच मात्रै होइन, बौद्धमार्गीबीच पनि अत्यन्तै पवित्र र लोकप्रिय मानिन्छ । सम्भवतः विश्वको यो एक यस्तो स्थान हो, जहाँ हिन्दू र बौद्ध धर्मावलम्बी समान रूपमा सहभागी हुन्छन् । समान रूपमा पूजा गर्छन् । विश्वमा धार्मिक द्वन्द्वले स्थान पाइरहेको वर्तमान समयमा धार्मिक सद्भाव र सौहार्दताको अनुपम उदाहरण पाइन्छ यहाँ ।
वास्तवमा भन्ने हो भने यस पटकको यो यात्रा आदित्यकै कारण सम्भव हुन सकेको थियो । उनको यो पहिलो, तर प्रतीक्षित यात्रा थियो । मैले आदित्यको अनुहारतर्फ हेरेँ । उनमा एक प्रकारको खुसी र सन्तुष्टिको भाव थियो । करिब नौ बजिसकेको थियो । हामी अब बिस्तारै तल पाउतर्फ अग्रसर भयौँ । होटेल अन्नपूर्ण देखियो । रवीनजी भेटिन्छन् कि भनेर होटेलभित्र गएँ । रहेनछन् । मैले उनीसँग फोनमा कुरा गरेँ, चिया खाएर जान आग्रह गरे । मैले अस्वीकार गर्न सकिन । चियापानपछि हामी अघिकै बाटो भएर करिब ११ बजे जोमसोम पुग्यौँ । प्रेस युनियनको कार्यक्रम सम्पन्न भइसकेको थियो ।
मैले सुशीललाई भेटेर आदित्यसँग भेट गराई दिएँ । अब हामी लोमान्थाङ यात्राका लागि तयार थियौं । मैले जोमसोममा आयोजित कार्यक्रमका केही सहभागीबाट जानकारी प्राप्त गरेँ, स्थानीय सहभागीले कार्यक्रममा चिन्ता व्यक्त गर्दै भनेका थिए– पछिल्लो समयमा यहाँ हिउँ कम पर्ने गरेको छ र स्याउको उत्पादनमा कमी आएको छ । पहिलेको तुलनामा थोरै तापक्रम पनि बढेको छ ।

# असारे विकासको कुरुप

## 'शंखमूल सडक'

मधु शाही

'झरी परेपछि हिलाले बोटामा हिँड्नेस्थिति हुँदैन । अरूको घरको भित्ता समाउँदै हिलाम्मे सडक पार गर्नुपर्ने स्थिति छ,' बुटवलकी शुभद्रा भट्टराई शंखमूलस्थित वडा नं ३१ को सडकको बिजोग देखेर भन्छिन्, 'छि ! सडक ।' यहाँ असारे बजेट खर्च गर्नेका लागि काठमाडौँ महानगरपालिका–३१ ले धमाधम सडक खनेको थियो, तर त्यसको व्यवस्थापन भएन, जसले गर्दा सडकछेउका नागरिक र यही बाटो भएर आउनेलाई निकै सास्ती भएको छ । 'घर आउने यो बाटोको अर्को विकल्प छैन । दिनहुँ हिँड्नै पर्छ,त् हिँडेपछि सास्ती । अस्ती सानी नातिनी हिलोमा चिप्लिएर लडी । हामी बूढाबूढी पनि हिँड्न पनि त्यस्तै जोखिम छ,' शंखमूल डेरा गरेर बस्ने भट्टराई भन्छिन् ।
कोटेश्वर, बालकुमारी करिडोर सडक भएर बानेश्वर वा बबरमहल निस्किने अधिकांश यात्रीले यहाँको दुर्दशा देखिरहेका छन् । जेठ–असार लागेपछि बाटो खन्ने र समयमै सम्पन्न नभए पनि सामान्य व्यवस्थापनसमेत नगरेको भन्दै धेरैजसो आक्रोशित छन् । दैनिक यो बाटो प्रयोग गर्नै पर्ने बाध्यतामा रहेका स्थानीय झनै आक्रोसित छन् । वडाले खानेपानीका पाइप, बिजुलीको तार, ठूला ढल राख्ने भनेर बाटो भत्काए पनि सामान्य हिलोसमेत नफाली छोड्दा व्यापार व्यवसायमा पनि समस्या परेको छ । तरकारी व्यापारी माया तामाङ हिलोका कारण आवातजावत गर्न समस्या भएकाले मान्छेको चहलपहल कम भएको र यसले व्यापारीले घाटा बेहोर्नु परेको गुनासो गर्छन् ।
सडक हिलाम्मे हुँदा फोहोर उठाउन पनि त्यत्तिकै सास्ती छ । स्थानीयले फोहोर बटुलेर चोकसम्मै पुग्नु परिरहेको छ । अधिवक्ता एवं स्थानीयवासी भूपेन्द्र पोखे्रलले विकासका नाममा जनताको सामान्य हिँड्डुल गर्ने स्थितिको हेक्का नै नगरी सडक खन्नु गैरजिम्मेवारपूर्ण कार्य भएको बताए । सडक खन्ने पनि जनताले कसरी हिँड्डुल गर्लान् भनेर हेक्का नै नराखी काम गरेको उनले बताए । 'मान्छे कहाँबाट हिँड्छ त, सोच्नु पर्दैन ? विकासको नाममा भत्काएर अलपत्र छोड्ने होइन, त्यो पनि बर्खामासमा,' उनले भने, 'वडाले चाँडोभन्दा चाँडो हिलोबाटोलाई व्यवस्थापन गरेर हिँड्डुल गर्न सक्ने बनाउनुपर्छ ।' कोटेश्वरदेखि शंखमूलस्थित स्कुलमा छोरा लिएर आउने शङ्कर कार्कीले हिलो सडकका कारण निकै समस्या भएको बताए । शंखमूल गणेशमार्ग नजिकै रहेको सडक बालकुमारी, कोटेश्वर, तीनकुने करिडोर भएर आउनेहरू आउजाउहरूले सास्ती भोगिरहेको उनको भनाइ छ ।
किराना पसल व्यापारी रमेश लामिछानेले असारे विकासका नाममा धमाधम सडक खनेर त्यत्तिकै छोड्दा आफूहरूको दैनिक गुजारा गर्ने व्यवसाय नै ठप्पजस्तै भएको बताए । वर्षाभरि हिलोले सताउने भयो, चैत–वैशाखमा धुलोले पिरोल्ने,' उनी भन्छन्, 'विकासको नाममा उल्टै नागरिकको दैनिकी नै नराम्ररी प्रभावित हुनेगरी काम गर्नु निन्दनीय छ ।'
यस विषयमा स्थानीय मिलेर वडा कार्यालयमा ध्यानाकर्षण गराइए पनि सुनुवाइ नभएको लामिछानेले गुनासो गरे । 'खाल्टो खन्दा सडकबाट निस्किएको हिलोलाई व्यवस्थापन गरेर अलिकति समथल बनाइदिए काम चल्थ्यो, तर यहाँ जसरी भत्काइयो, त्यस्तै छ । यो जनप्रतिनिधिको लापरबाही हो ।'
काठमाडौँ महानगरपालिका–३१ का वडाअध्यक्ष सरोज ढकाल ढल व्यवस्थापनसँगै अन्य काम पनि एकैपटक गर्ने योजनाका कारण गत आर्थिक वर्षको अन्तिममा सबै काम नसकिएपछि समस्या भएको बताउँछन् । '५० वर्षअघि राखिएको छ इन्चको ढल प्रतिस्थापन गरी हाल ४२ इन्चको ठूलो ढल राखिएको छ ।
खानेपानीको पाइप र बिजुलीका तार एकैसाथ बिछ्याउने तयारी भएको हुँदा यस्तो भएको हो,' उनले भने, 'पाइप, ढल राख्न सडक खन्नै प¥यो ।
हिलोमा ग्राभेल गर्न सकिँदैन । स्थानीयलाई गाह्रो भएको छ, तर अरू उपाय छैन । तीन–चार महिनापछि त पहिलेको भन्दा राम्रो सडक बनिहाल्छ नि !' रासस

# एआईको प्रयोग गरी अधिकतम लाभ लिन सक्नुपर्छः सञ्चारमन्त्री गुरुङ



**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले कृत्रिम बुद्धिमता (एआई)को अधिकतम लाभ लिन सक्नुपर्नेमा जोड दिएका छन ।

३१औँ विश्वआदिवासी दिवसका अवसरमा आदिवासी जनजाति आयोगले यहाँ शनिवार आयोजना गरेको 'आदिवासी जनजाति र कृत्रिम बौद्धिकताः अधिकारको रक्षा र भविष्यको निर्माण' विषयमा गोष्ठीको उद्घाटन गर्दै उनले भने, 'जसले आज एआईको प्रयोगबाट विकास गरेको छ, त्यसले लाभ लिएको अवस्था छ, संसारका धनी वा गरिब सबै देशले एआईबाट अधिक्तमलाभलिनसक्छन् ।'

सरकारका प्रवक्ता समेत रहुनभएका मन्त्री गुरुङले अहिले विकासको हरेक प्रक्रियामा एआईको प्रयोग हुने गरेको उल्लेख गर्दै कृषि, स्वास्थ्य, शिक्षा, सुशासन, पर्यटन, उद्योग र विपत्ति व्यवस्थापनलगायत क्षेत्रमा यसको प्रयोग बढाउने गरी काम भइरहेको पनि बताए ।

आदिवासी जनजातिका विषयमा संवैधानिक, कानुनी र नीतिगत अधिकारको खोजी गरी त्यसको कार्यान्वयन र थप अधिकारका लागि एकजुट हुनुपर्ने उनको भनाइ छ । उनले भने, 'एआई हाम्रो लागि अवसर हो, यसको ठीक ढङ्गले प्रयोग गर्न जानिएन भने चुनौती बढ्दै जान्छ, ती चुनौती कसरी कम गर्न सकिन्छ भन्नेबारे पनि छलफलहरु भएका छन् ।'

आजभन्दा ४३ वर्ष अगाडि संयुक्त राष्ट्रसङ्घ, आदिवासी जनसङ्ख्यासम्बन्धी कार्यसमूहको प्रथम बैठक सन् १९८२ को ९ अगष्टमा बसेको दिनको स्मरणमा संयुक्त राष्ट्रसङ्घले विश्व आदिवासी दिवस मनाउने घोषणा गरेपछि हरेक वर्षको ९ अगष्टलाई विश्व आदिवासी दिवसका रूपमा मनाउने गरिएको छ ।

संयुक्त राष्ट्रसङ्घको एक अध्ययनअनुसार विश्वभरका आदिवासी जनजातिको जनसङ्ख्या ६० करोडभन्दा बढी छ र यो विश्वजनसङ्ख्याको करिब ७५ प्रतिशत हो । उनीहरू विश्वका ९० भन्दाबढी देशमा बसोबास गर्दछन् । विश्वमा बोलिने सात हजारभन्दा बढी भाषामध्ये दुई तिहाइ अर्थात् पाँच हजारभन्दा बढी भाषा आदिवासी जनजातिले प्रयोगमा ल्याएका छन् । नेपालमा बोलिने १२४ मध्ये ९३ भाषा आदिवासी जनजातिका भाषाहरू हुन् । विश्वमा प्रचलित ८० प्रतिशत खाद्य उत्पादन आदिवासी ज्ञानमा आधारित छ ।

भौगोलिक रूपमा पृथ्वीको २८ प्रतिशत भूभागमा आदिवासी जनजातिको बसोबास छ र उनीहरू ८५ प्रतिशत जैविक विविधताका संरक्षक पनि हुन् ।

आयोगका अध्यक्ष रामबहादुर थापामगरले विशिष्ट ज्ञान र सीपका धनी आदिवासी जनजाति समुदायलाई संरक्षण र सम्वद्र्धन गर्नु राज्यको कर्तव्य र दायित्व दुवै भएको उल्लेख गरे ।रासस

# वैकल्पिक विकास वित्त विधेयकमाथि ६६ संशोधन प्रस्ताव

**काठमाडौँ ।**
प्रतिनिधिसभामा दर्ता भएको 'वैकल्पिक विकास वित्त परिचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२' माथि १४ सांसदबाट ६६ संशोधन प्रस्ताव परेका छन् । विधेयकमाथि १० जनाबाट एकल र चार जनाले संयुक्त रुपमा संशोधन प्रस्ताव हालेका हुन् ।

परम्परागत लगानीका स्रोतका अतिरिक्त वैकल्पिक स्रोतको पहिचान र उपयोग गर्ने उद्देश्यका साथ ल्याइएको सो विधेयक चाँडो पारित भई कार्यान्वयनमा ल्याइनुपर्नेमा सत्तापक्ष र प्रतिपक्ष दुवै सहमत भए पनि वैकल्पिक विकास वित्त कोषको प्रभावकारिता तथा सञ्चालक समितिसम्बन्धी व्यवस्थामा धेरैजसो सांसदको चासो देखिएको छ ।

अर्थसमितिमा छलफलका क्रममा रहेको यो विधेयक माथि शुक्रबार संशोधनकर्ता सांसद, नेपाल राष्ट्र बैंकका गभर्नर र विज्ञबाट सुझाव लिइएको थियो । उक्त छलफलका क्रममा कोषको प्रभावकारिता र सञ्चालक समितिको स्वायत्तताको विषय महत्वका साथ उठाइयो ।

पूर्वाधार क्षेत्रमै लगानी गर्ने उद्देश्य राखेर सरकारको लगानीसहित स्थापना भएका नेपाल इन्फ्रास्ट्रक्चर बैंक (निफ्रा) र हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआइडिसिएल)बाट लक्षित नतिजा दिन नसकिरहेकाबेला सोही प्रकृतिको 'वैकल्पिक विकास वित्त कोष' ल्याउन आवश्यक छ वा छैन भनेर सोच्नुपर्ने धारण पूर्वअर्थमन्त्री वर्षमान पुनको छ ।

'यो कोष निफ्रा र एचआइडिसिएलभन्दा कसरी फरक छ ? केही व्यक्तिलाई जागिर दिनका लागि मात्रै कम्पनी खडा गर्न लागिएको त होइन ? वा कतै सरकारले विभिन्न कोषहरु गाभेर एउटै कोष बनाएर चलाउन खोजेको त होइन ? यी प्रश्नको जवाफ चाहिन्छ', पुनको भनाइ थियो । त्यस्तै सञ्चालक समितिमा कोको रहने, कार्यकारी अधिकार कसलाई दिनेजस्ता विषयलाई पनि स्पष्ट पारिनुपर्ने उहाँको भनाइ थियो । यद्यपि वैकल्पिक विकास वित्त परिचालनका लागि कानुन बन्न अतिआवश्यक भइसकेको धारणा उनले राखे ।

सांसद वासुदेव घिमिरेले वैकल्पिक विकास वित्त कोषलाई बलियो र प्रभावकारी बनाउन अर्थमन्त्रीलाई नै त्यसको सञ्चालक समितिको अध्यक्ष बनाइनुपर्ने र लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतलाई पनि सञ्चालक समितिमा सदस्यका रुपमा ल्याइनुपर्ने बताए ।

अर्का सांसद माधव सापकोटाले सञ्चालक समितिको अध्यक्षलाई नीतिगत निर्णय गर्नेमात्रै अधिकार दिएर प्रमुख कार्यकारी अधिकृतलाई कार्यकारी अधिकार दिन सक्नुपर्ने र राजनीतिक हस्तक्षेपबाटमुक्त हुनुपर्ने धारणा अर्थ समितिमा राखे । कोषको सञ्चालक समितिको अध्यक्ष अर्थ मन्त्रालयको सचिव रहने व्यवस्था विधेयकमा राखिएको छ ।

विधेयकको उक्त व्यवस्थामाथि सांसद हितराज पाण्डेले संशोधन हाल्दै राष्ट्रिय योजना आयोगको उपाध्यक्षलाई कोषको अध्यक्ष बनाइनुपर्ने प्रस्ताव गरे ।

त्यस्तै सांसद प्रकाश ज्वालाले अर्थमन्त्री अध्यक्ष रहनुपर्ने मतसहित संशोधन हाल्नुभएको छ । कोषको सञ्चालकमा अर्थ सचिव नेपाल राष्ट्र बैंकको गभर्नर र लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतलाई सञ्चालकको जिम्मेवारी दिइनुपर्ने ज्वालाको प्रस्ताव छ ।

सांसद प्रेम सुवालले सञ्चालक समितिसम्बन्धी व्यवस्था नै हटाइ 'मन्त्रीको अध्यक्षतामा राज्यको स्वामित्वलाई जोड दिने वित्तशास्त्री र अर्थशास्त्रीको व्यवस्थापन समिति गठन गरिनुपर्ने' संशोधन राखेका छन ।

त्यस्तै समावेशी ढङ्गले सञ्चालक चयन गरिनुपर्ने प्रस्तावसहितका संशोधनसमेत परेका छन् । सांसद निशा डाँगीले महिला, दलित वा आदिवासी जनजाति समूहबाट एक जना प्रतिनिधि रहनेगरी सञ्चालक समिति बनाइनुपर्ने प्रस्ताव राखेका छन ।

त्यस्तै सांसद माधव सापकोटाले स्वतन्त्र विशेषज्ञ सञ्चालकको सङ्ख्या एक जनाबाट बढाएर कम्तीमा तीन बनाउने र यसमा कम्तीमा एक महिला र प्रभावित क्षेत्रबाट एक दलित वा जनजाति समुदायबाट प्रतिनिधित्वको सुनिश्चितताको व्यवस्था गर्नुपर्ने भन्दै संशोधन हालेका छन ।

सांसद सोविता गौतम र शिशिर खनालको संयुक्त संशोधन प्रस्तावमा प्रमुख कार्यकारी निर्देशकलाई अध्यक्षको जिम्मेवारी दिइनुपर्ने व्यवस्था विधेयकमा राख्नुपर्ने उल्लेख छ ।

त्यस्तै, कार्यकारी निर्देशक हुनका लागि अर्थशास्त्र, व्यवस्थापन, वित्त, इन्जिनियरिङ वा सम्बन्धित विषयमा स्नातकोत्तर, कम्तीमा १५ वर्षको प्राविधिक वा व्यवस्थापकीय अनुभव, वैकल्पिक वित्त तथा सार्वजनिक–निजी साझेदारी र लगानी परियोजना विश्लेषणको अनुभव हुनुपर्ने संशोधन प्रस्ताव उनिहरुको छ ।

विधेयकमा कोषको व्यवस्थापन तथा सञ्चालन गर्न अर्थ मन्त्रालयको सचिव अध्यक्ष रहनेगरी सञ्चालन समितिको व्यवस्था गरिएको छ । अर्थ मन्त्रालयको सहसचिव, पूर्वाधार विकाससँग सम्बन्धित मन्त्रालयका इन्जिनियरिङ सेवाका सहसचिवमध्येबाट मन्त्रालयले तोकेका दुई सहसचिव, शेयरधनीका तर्फबाट एक जना प्रतिनिधि र स्वतन्त्र विशेषज्ञबाट एक गरी सञ्चालक तोकिनुपर्ने उल्लेख छ ।

वैकल्पिक विकास वित्त कोष अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित सङ्गठित संस्थाका रुपमा रहने व्यवस्था विधेयकमा राखिएको छ । अर्थ समितिको शुक्रबारको बैठकमा नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेलले सञ्चालक समिति बलियो बनाउन सकेमात्र कोषको प्रभावकारिता बढी हुने धारणा राखे ।

'अर्थमन्त्री वा अर्थसचिवले नै नेतृत्व गर्नेगरी कोषको सञ्चालक समिति बनाउनु उपयुक्त हुन्छ, पुरानै शैलीको संरचनाले नयाँ खालको नतिजा दिन सक्दैन, त्यसकारण फरक तरिकाले सोच्नुपर्छ', गभर्नर पौडेलको भनाइ थियो । मुलुकको समृद्धि, दीगो विकास तथा उत्पादकत्व वृद्धिका लागि अत्यावश्यक पूर्वाधार परियोजना कार्यान्वयन गर्न परम्परागत लगानीका अतिरिक्त वैकल्पिक वित्त परिचालन आवश्यक रहेको भन्दै सरकारले यो विधेयक ल्याएको हो । विभिन्न किसिमका ऋणपत्र, प्रत्याभूति पत्र, स्वपुँजी कोषलगायत विभिन्न वित्तीय वा मौद्रिक उपकरणमार्फत वैकल्पिक वित्त परिचालन गर्न सकिने विधेयकमा उल्लेख छ ।

विधेयकअनुसार कोषको अधिकृत पुँजी एक खर्ब रुपैयाँ र चुक्ता पुँजी २५ अर्ब रुपैयाँ हुनेछ । त्यसमा नेपाल सरकारको ५१ प्रतिशत अर्थात् १२ अर्ब ७५ करोड रुपैयाँ बराबरको शेयर लगानी गर्ने प्रस्ताव विधेयकमा गरिएको छ । कोषमा नेपाल सरकार, अन्तरराष्ट्रिय वित्तीय संस्था वा वदेशी बैंक वा वित्तीय संस्था, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, बीमा कम्पनीले लगानी गर्न पाउनेछन् ।

वैकल्पिक वित्त स्रोत भन्नाले विभिन्न माध्यमबाट कोष खडा गर्ने प्रक्रियालाई समेट्दछन् । यसअन्तर्गत कुनै परियोजना विशेषका लागि लगानीकर्ता वा सर्वसाधारणबाट स्वपुँजी (इक्विटी), ऋण वा दुवै प्रकारको रकम सङ्कलन गरेर 'क्राउडफण्डिङ' गर्न सकिन्छ ।

त्यस्तै परियोजना कार्यान्वयन गर्ने निकायको प्रत्याभूति लिएर परियोजनाका लागि विशेष ऋण उठाउने, स्वदेशी वा विदेशी लगानीकर्ताबाट दीर्घकालीन पुँजी सङ्कलन गरी लगानी कोष खडा गर्नु पनि वैकल्पिक वित्तको प्रमुख उपाय हुन् ।

विदेशमा रहेका नेपाली नागरिक वा गैरआवासीय नेपालीबाट तोकिएको रकम सङ्कलन गरी विप्रेषण कोष (रेमिट फण्ड) खडा गर्ने कार्य पनि वैकल्पिक वित्तको स्रोत हुन जान्छ ।

अन्तरराष्ट्रिय वित्तीय संस्थाबाट पूर्ण वा आंशिक जमानत लिएर ऋण वा ऋणपत्र जारी गर्न जमानत कोष खडा गर्न सकिने विषयलाई पनि वैकल्पिक वित्त परिचालनसम्बन्धी विधेयकमा समेटिएको छ । साथै कुनै निकाय वा परियोजनाको सम्पत्ति वा कारोबारलाई मौद्रीकरण गरी त्यस्तो निकायले कार्यान्वयन गर्ने परियोजनाका लागि परियोजना कोष खडा गर्ने व्यवस्था विधेयकमा राखिएको छ । यसबाहेक अन्य तोकिएका उपाय अपनाइ आवश्यक कोष खडा गर्ने प्रावधान पनि वैकल्पिक वित्त स्रोतअन्तर्गत समावेश छन् ।

वैकल्पिक वित्त परिचालनबाट जम्मा भएको रकम रोजगारी प्रवद्र्धन गर्ने, उल्लेख्य आर्थिक प्रतिफल दिने वा कूल गार्हस्थ उत्पादन वृद्धि गर्न सघाउ पु¥याउने परियोजनाको पहिचान, अध्ययन, विकास, निर्माण वा कार्यान्वयनका लागि प्रयोग हुने विधेयकमा उल्लेख छ ।

विद्युत् उत्पादन, प्रसारण तथा वितरण आयोजना, सडक, रेलमार्ग, विमानस्थल, सुरुङमार्ग, औद्योगिक विकास पूर्वाधार निर्माण (विशेष आर्थिक क्षेत्र, औद्योगिक पार्क, सुक्खा बन्दरगाह वा सूचना प्रविधि पार्क) निर्माणका लागि वैकल्पिक वित्तका स्रोत प्रयोग गर्न सकिनेछ ।

त्यस्तै, सहरी विकास पूर्वाधार निर्माण, केबुलकार, रज्जुमार्ग, पोड वेलगायत संरचना निर्माण एवं सञ्चालनका लागि यस्ता कोष परिचालन गरिने जनाइएको छ । निजी क्षेत्रले कार्यान्वयन गर्ने सार्वजनिक–निजी साझेदारीअन्तर्गतको राष्ट्रिय प्राथमकिता प्राप्त परियोजनामा पनि कोषले लगानी गर्न सक्नेछ ।

यद्यपि एक अर्ब रुपैयाँभन्दा कम लागत अनुमान भएको परियोजनामा भने कोषबाट लगानी गर्न नसिकने विधेयकमा उल्लेख छ । त्यस्तै तत्काल प्रतिफल दिन नसक्ने परियोजना, ऋण वा जमानतबापत धितो दिन नसक्ने परियोजना, कोषले जारी गरेको ऋणपत्र वा डिवेञ्चर धितो वा जमानत राखी ऋण माग गर्ने परियोजना, कुनै प्राकृतिक व्यक्तिले कार्यान्वयन गर्ने परियोजनामा कोषले लगानी गर्ने छैन ।

त्यस्तै, कोषको बहालवाला सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत वा त्यस्तो पदाधिकारी बहाल हुनुभन्दा कम्तीमा तीन वर्षअघि आधारभूत शेयर धनी, साझेदार, सञ्चालक वा सदस्य रहेको फर्म, कम्पनी वा संस्थाले कार्यान्वयन गर्ने परियोजनामा पनि लगानी गर्न नपाइने व्यवस्था विधेयकमा राखिएको छ । रासस

# झडपपछि कैलाली कारागार असामान्य, छानविन समिति गठन




**धनगढी ।**
कैदीहरुबीच भएको झडपमा एक जनाको मृत्यु भएपछि कैलाली कारागार कैदीहरुको नियन्त्रणमा छ । शुक्रबार मध्यराति झडप भएपनि त्यसपछि कारागारभित्रको घटनास्थलमा सुरक्षा निकायलाई अवरोध गरेका कारण कैदीहरुको नियन्त्रणमा गएको हो । कैलालीका प्रमुख जिल्ला अधिकारी गोगन बहादुर हमाल, कैलालीका प्रहरी उपरिक्षक बालनसिह राणा र सशस्त्र प्रहरीका एसपी सुरेन्द्रराज रञ्जीतसहितका सुरक्षा अधिकारीहरु कारागारको अवस्था बुझ्न गएका थिए । तर कैदीहरुले उनीहरुलाई कारागारभित्र प्रवेशमा अवरोध गरेका थिए । 'हामीहरु अहिलेसम्म पनि कारागारभीत्र पस्न सकेका छैनौं । उनीहरु आक्रोसित छन । थप घटना नहोस भनेर नै भित्र प्रवेश गर्न खोजेका छैनौं' प्रमुख जिल्ला अधिकारी गोगन बहादुर हमालले भने । जिल्ला सुरक्षा समितिको बैठकले अहिले कारागार सुरक्षाका लागि सशस्त्र प्रहरी पनि तैनाथ गरेका छन् ।

घटनापछि राष्ट्रिय मानवअधिकार आयोगको टोली पनि कारागारभित्रको घटनास्थलसम्म पुग्न सकेको छैन् । 'घटनाबारे बुझिरहेका छौं । कारागार प्रशासनको कार्यालयसम्म त पुग्न सकिएको छ तर कारागारभित्र भने जान सकिएको छैन' राष्ट्रिय मानवअधिकार आयोगका एक अधिकृतले भने ।

कारागारमा शुक्रबार राति सामूहिक झडप भएको थियो । झडपमा धनगढी उपमहानगरपालिका वडा नम्बर ४ का ४० वर्षका भरत चौधरीको मृत्यु भएको छ भने ४९ जना घाइते भएका छन् । यसअघि ४७ जना घाइते भनिएकोमा घाइते अवस्थामै कारागारको छतमा लुकेका थप दुई जना प्रहरीको टोली पुगेपछि फेला परेका हुन ।

मृतक चौधरीको शव सेती प्रादेशीक अस्पतालको शवगृहमा राखिएको छ । घाइते ४९ जनालाई सेती प्रादेशिक अस्पतालमै उपचार भइरहेको छ । अस्पतालका बरिष्ठ फिजिसियन डाक्टर शेर बहादुर कमरले घाइतेहरु मध्ये अधिकांशका हातखुट्टा भाँचिएका छन् । उनले झडपमा फलामका रडहरुको बढी प्रयोग भएको बताए ।

'फलामे रडहरुको बढी प्रयोग भएको छ । घाइतेहरुलाई ठूलो चोट लागेपनि उनीहरु खतरामुक्त छन् । एकजनाको सल्यक्रिया भएको छ । एकजनालाई आईसीयुमा भर्ना गरिएको छ' डाक्टर कमरले भने । सेती प्रादेशिक अस्पतालको इमरजेन्सीमा उपचारका लागि स्थान नपुगेपछि घाइतेहरुलाई नजिकै रहेको कोरोनाका बेला बनाइएको भवनमा सारिएको छ ।

घाइतेका आफन्तको गुनासो, 'अस्पतालमा भेटनै दिइएको छैन' धनगढी उपमहानगरपालिका–४ का महेश चौधरी विहानैदेखि तनावमा छन् । उनी कतिबेला सेती प्रादेशिक अस्पतालमा पुगिरहेका छन भने कतिबेला कैलाली कारागार । उनलाई छोराको अवस्थाका बारेमा केही जानकारी पाइएको छैन ।

'विहानदेखि भौंतारिरहेको छु, न भेट गर्न दिइएको छ, न कुनै जानकारी नै दिएको छ' अस्पतालको इमरजेन्सीको बाहिरपट्टी भेटिएका उनले भने । 'लामो समयदेखि कारागारमा झडप भइरहेको थियो, प्रशासनले मतलब गरेन । अहिले ठूलो घटना भयो ।'

उनका छोरा शरद चौधरी लागुपदार्थ सम्बन्धि मुद्दामा कैलाली कारागारमा थिए । शरदलाई पाँच वर्षको जेल सजाय तोकिएको थियो । उनलाई जेल सजाय भोगेको दुई वर्ष भयो । 'छोरा भेटन जाँदा कारागार भित्रको अवस्था नराम्रो छ भन्दैथ्यो, दुई समूहबीच झडप भइरहने र त्यसबाट सबैलाई खतरा रहेको भनियो, कारागार प्रशासनलाई पनि यसबारेमा जानकारी गराइएको थियो तर लापरवाही भएर यस्तो भयो', महेश चौधरीले भने ।

उनी मात्रै होइन, सेती प्रादेशिक अस्पताल र कैलाली कारागारमा कैदीबन्दीका आफन्तहरुको भीडभाड लागेको छ । धनगढीकै रमेश विनाडीलाई पनि आफ्ना भान्जाका बारेका जानकारी छैन् । लागुपदार्थ सम्बन्धि मुद्दामै कारागारमा रहेका उनका भान्जा पनि घाइते छन ।

'भान्जाको अवस्थाका बारेमा प्रशासन र कारागारले केही पनि जानकारी दिएको छैन । अस्पतालमा पनि जान दिन्न, कारागारमा पनि जान दिन्न' बिनाडीले भने । उनले कारागार भित्र लाठी, रड र भाला कताबाट गए भन्ने गम्भिर प्रश्न उब्जिएको बताए ।

'झडपमा फलामे रड, भालाहरु प्रयोग भएका छन । ती कसरी कारागारभित्र पुगे ?'विनाडीले प्रश्न गरे । 'यसको छानबिन हुनुपर्छ ।' उनले लामो समयदेखि कारागारमा झडप भइरहे पनि प्रशासनले त्यसलाई सामान्य रुपमा लिएका कारण यस्तो भएको दाबी गरे ।

**समिति गठन**
कारागार घटनाको छानविनका लागि पाँच सदस्यीय समिति गठन गरेको छ । शनिबार प्रमुख जिल्ला अधिकारी गोगन बहादुर हमालको अध्यक्षतामा बसेको जिल्ला सुरक्षा समितिको बैठकले सहायक प्रमुख जिल्ला अधिकारी किरण जोशीको संयोजकत्वमा पाँच सदस्यीय छानविन समिति गठन गरेको हो । समितिमा जिल्ला प्रहरी कार्यालय कैलालीका प्रहरी नायव निरिक्षक राजकुमार सिह, शसस्त्र प्रहरीका डिएसपी जनकराज पन्त, अनुसन्धान विभागका अनुसन्धान अधिकृत दिपेन्द्र सिह र जिल्ला प्रशासन कार्यालय कैलालीका प्रशासकीय अधिकृत शिवराज जोशी सदस्य रहेको पाँच सदस्यीय छानविन समिति गठन गरिएको प्रमुख जिल्ला अधिकारी हमालले बताए ।

यसैगरी नेपाल न्यूज बैंकसँग कुरा गर्दै जिल्ला प्रहरी कार्यालय कैलालीका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजकुमार सिंहले झडप भएपछि अवस्था अलिकति असामान्य भएको तर त्यस्तो नियन्त्रणमा लिएको भन्ने समाचार गलत भएको बताए ।

उनले भने, 'समाचारमा कारागार घटनास्थल कब्जा लिइयो भनेर आएको कुरामा म जानकार छैन । त्यहाँ सुरक्षाकर्मीले गर्ने काम गरिरहनु भएको छ । जहाँ जहाँ हुनुपर्ने हो त्यहाँ नै हुनुहुन्छ । त्यस्तो केही पनि होइन् । अहिले त्यहाँ सामान्य नै छ अवस्था ।' घाईतेमध्ये जगदीश राना, रबि चौधरी र आयुष भट्टको अवस्था चिन्ताजनक रहेको छ । रासस

# विद्युत् व्यापारमा साढे चार अर्ब फाइदाः प्रधानमन्त्री ओली

**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले विद्युत् व्यापारमा नेपाललाई साढे चार अर्ब फाइदा भएको बताएका छन ।

प्रधानमन्त्री ओलीले शनिवार सामाजिक सञ्जालमार्फत नेपालले विद्युत्मा यस वर्ष साढे चार अर्ब फाइदा गरेको बताएका छन ।

'हामीले यस वर्ष साढे चार अर्ब फाइदा (आयातभन्दा साढे चार अर्ब रुपैयाँ बढीको बिजुली विदेश निर्यात) गर्ने सफलता पाएका छौँ । हामीले विद्युत् आयात परिमाण घटाउँदै लगेका छौँ, प्रधानमन्त्री ओलीले उल्लेख गरेका छन ।

प्रधानमन्त्री ओलीले विगतमा बिजुलीको आमप्रयोगमा विद्युतभार कटौती हटे पनि उद्योगमा विद्युत् कटौती गरिँदै आएकामा अब उद्योगमा पनि विद्युत् प्रवाह बढाइएको उल्लेख गरेका छन । रासस

# अधियाँ खेतीमै निर्भर छ भूमिहीन परिवार



**कञ्चनपुर ।**
शुक्लाफाँटा नगरपालिका–८ नौखरीका कान्छा चौधरी बिहान सबेरै हलो बोकेर निस्कन्छन्, तर त्यो हलो उनी आफ्नै खेत जोत्न होइन । छिमेकीको अधियाँ–बटैयामा बनाएको खेत बारी जोत्नका लागि हो । उनिसँग घरवासका लागि मात्रै जग्गा छ । त्यस जग्गाले परिवारको वर्षभरिको खानाको जोहो नहुने भएपछि अधियाँ–बटैयामा जग्गा कमाउँदै आउनुभएको छ । उनिजस्तै अधियाँ–बटैयामा खेती गर्ने नगरपालिकामा दर्जनौँ किसान छन् ।

जो जीविका चलाउनकै लागि अधियाँ अर्थात् बटैयामा खेती गर्दै आएका छन् । बटैयामा खेती गर्ने किसानले र जग्गाधनीले उत्पादन भएको अन्न आधा आधा बाँडेर लिने गरेका छन् । जसका लागि जग्गाधनीले जग्गासँगै सिँचाइका लागि पानी निःशुल्क रूपमा उपलब्ध गराउँछन् । अधियाँ लगाउनेले खेत जोत्छन् । खेती लगाउ छन्, काट्छन्, बाली पाकेपछि भित्र्याउने जिम्मा पनि अधिया गर्नेकै हुने कान्छा बताउछन ।

तर जोत्ने कार्यबाहेक थ्रेसिङ गर्दा लाग्ने खर्च, मलखाद, विषादी, बीउबिजनलगायतको खर्च अधियाँ बनाउने र जग्गा धनिले आधा–आधा बेर्होछन् । जग्गा थोरै हुँदा वर्षभरी खान नपुग्ने परिवारले अधियाँ खेती लगाउने गरेका छन् । अधियाँ खेती गर्ने कार्य भने धेरै वर्षअघिदेखि चल्दै आएको छ । अधियामा खेती गरेर जग्गाधनी र खेती लगाउने व्यक्ति गरी दुई परिवारको जीविका चल्ने गरेको कलेशु चौधरीले बताए ।

उनका अनुसार अधियाँ लगाउने जोताहा किसानलाई जग्गाधनीले पहिला घरको काममा पनि लगाउने गर्दथे । त्यसका लागि अधिया माग्न जाँदानै मौखिक रूपमा करार गर्नुपर्दथ्यो । बदलिँदो परिवेशअनुसार हाल अधियाँ लगाउने व्यक्तिले जग्गाधनीको घरायसी काम भने गर्नुपर्दैन । त्यो चलन हटेको छ । ‘कसैले स्वविवेकले कार्य गरे भने त्यो बेग्लै कुरा हो’, कलेशुले भने, ‘पुरानो चलन हटेको छ, मौखिक रूपमा विश्वासका आधारमा हाल काम हुने गरेको छ, अधियाँ लगाउने र जग्गाधनीबीच भने कुनै लिखित करार हुने गरेको छैन ।’

जग्गाधनीले अधियाँ लगाउने किसानले खेती राम्ररी नलगाएबीचमै छुटाउने कार्य हुँदै आएको राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल सुदूरपश्चिम प्रदेश सचिव रामबहादुर चुँनाँराले बताए । त्यस कार्यले अधियामा जीविका चलाउने परिवार भने समस्यामा पर्ने गरेको उनि बताउछन । मञ्चले सङकलन गरेको तथ्याङ्कअनुसार नगरपालिकामा खेती गर्ने जमिन थोरै छ । जमिनमा आश्रित जनसङ्ख्या अत्यधिक छ । नगरपालिकाको कूल १६२ दशमलव ७५ वर्गकिलोमिटर क्षेत्रफलमध्ये केवल आठ दशमलव ४२ वर्ग किलोमिटर (५.१७ प्रतिशत) जमिन मात्रै खेतीयोग्य छ । बाँकी सबै क्षेत्रमा वन, बस्ती, सडक, खोलानाला, धार्मिक क्षेत्र र अन्य प्रयोगको जमिन रहेको छ ।

नगरपालिकामा १२ हजार ५८ घरधुरीमध्ये ८२८ परिवारसँग अझैपनि आफ्नो नाममा जग्गा छैन । पुरुषको जग्गामा स्वामित्व ९४ प्रतिशत छ भने, महिलाको नाममा पाँच दशमलव आठ प्रतिशत जग्गाको स्वामित्व छ । लैङ्गिक समानताका चर्का कुरा गरिए पनि व्यहारमा भने महिलाको सम्पती माथिको अधिकार सीमित रहेको मञ्चका सचिव चुँनारा बताउछन ।

उनका अनुसार भूमिहीनहरूमध्ये धेरैजसो दलित, सुकुम्बासी र आदिवासी जनजाति समुदायका व्यक्तिहरू रहेका छन् । जसले पुस्तौँदेखि अरुको जमिनमा अधियाँ जग्गा कमाउनका लागि पसिना बगाइरहेका छन् । ‘हामी पुर्खौंदेखि अरुको जमिन जोत्दै आएकाछौँ’, गोरे दमाईले भने, ‘आफ्नो नाममा जग्गा छैन अरुकै भरमा जीविका चल्दै आएको छ ।’ भूमि अधिकार मञ्चका अनुसार, हालसम्म नगरपालिकाबाट एघार हजार ८५४ अव्यवस्थित बसोबासी, २१५ भूमिहीन दलित र १४८ सुकुम्बासीले जग्गा स्वामित्वका लागि भूमिसम्बन्धी समस्या समाधान आयोगमा निवेदन दिएका छन् ।

निवेदन दिएकामध्ये केही वडाका अव्यवस्थीत बसोबासीको जग्गा नापजाँचको कार्य भएको छ भने केही हुने क्रममा रहेको छ । भूमिहीन दलित र सुकम्बासीले निवेदन दिए पनि कुनै पनि कार्य अगाडि बढन सकेको छैन ।

जग्गामा खेती लगाए पनि बर्सेनि आउने बाढीले शुक्लाफाँटाका किसानलाई सास्ती दिने गरेको छ । बाढीकै कारण लगाइएको खेती डुबान र कटानका कारण प्रतिवर्ष प्रभावित हुने गरेको छ । जलवायु परिवर्तनको असरका कारण बेमौसमी वर्षा हुँदा खेती भित्र्याउन नपाउँदै कुनै वर्ष खेतमै धान, गहुँलगायतका बालीमा नोक्सानी बेहोर्नुपर्ने अवस्था रहने मञ्चका सुदूरपश्चिम अध्यक्ष नन्दादेवी जोशीले बताए ।

उनका अनुसार अघिल्लो दुई वर्षमा मात्रै नगरपालिकाका आठभन्दा बढी परिवार बाढी र डुबानले प्रत्यक्ष प्रभावित भएका थिए । ‘जसबाट सबैभन्दा बढी मार अधियाँ जग्गा कमाउने जोताहा किसानलाई पर्ने गरेका छन’, उनले भने, ‘जसमा भूमिहीन दलित, सुकुम्बासी परिवारका व्यक्तिहरू समस्यामा पर्ने गरेका छन् ।’

जलवायु परिवर्तनको असरले वर्षा चक्र अनियमित बन्दा कहिले अति पानी, कहिले खडेरी हुन्छ । तापक्रमको वृद्धिसँगै नयाँ रोग र किराको प्रकोप फैलिएको छ । जसले नगदेबाली र तरकारी उत्पादनमा ठूलो असर परेको नगरपालिकाको कृषि शाखाका प्रमुख करनसिंह बुढाऐरले बताए । पछिल्ला वर्षहरूमा केही उत्साही कृषकहरूले व्यावसायिक तरकारीखेती, फलफूल (केरा, आँप, लिची), नगदेबाली, कुखुरापालन र बङ्गुरपालनजस्ता मिश्रित खेती र पशुपालनलाई अँगाल्न थालेका छन् । तिनीहरूको सङ्ख्या भने थोरै रहेको छ ।

‘अब परम्परागत खेतीले मात्रैले हुँदैन, मौसमको अनिश्चिततासँग जुध्नका लागि खेतीमा परिवर्तन गर्नु आवश्यक छ’, उनले भने, ‘मौसम सुहाउँदो बढी उत्पादन दिने बाली लगाउनका लागि किसानलाई उत्प्रेरित गर्ने कार्य हुँदै आएको छ ।’ त्यसका लागि किसानलाई नगरपालिकाका तर्फबाट बीउबिजन, कृषि औजार, उपकरण, सिँचाइका साधनमा अनुदान दिने कार्य हुँदै आएको उनले बताए ।रासस

# खेलकुदको माध्यमबाट पर्यटक भित्र्याउनुपर्छः मन्त्री चौधरी

**झापा ।**
युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले खेलकुदका माध्यबाट पर्यटक भित्र्याउने योजनामा सरकारले काम गरिरहेको बताएका छन ।

काँकडभिट्टा खेलमैदानको शनिवार निरीक्षण गर्दै उनले पूर्वीनाकामा रहेको खेलमैदानमार्फत काँकडभिट्टाले नेपालमा पर्यटक भित्र्याउन सक्ने भनाइ राखे । मन्त्री चौधरीले सङ्घीय सरकारले काँकडभिट्टा खेलमैदानको स्तरोन्नतिका लागि चालू आर्थिक वर्ष २०८२/८३ मा तीन करोड रुपैयाँ बजेट विनियोजन गरेको जानकारी दिए ।

‘क्रिकेट, फुटबल र भलिबल खेलेर नेपाली खेलाडीले लाखौँलाख आर्जन गरेका थुप्रै उदाहरण छन’, उनले स्थानीय जनप्रतिनिधि, खेलाडी र खेलप्रेमीहरुलाई सम्बोधन गर्दै भने, ‘दुई ठूला देशको बीचमा छौँ हामी ।

एसियाली राजमार्ग निर्माणपछि काँकडभिट्टा खेलमैदानको महत्व अन्तरराष्ट्रिय रुपमा बढेर जानेछ ।’ उनले खेलकुद क्षेत्र मनोरञ्जन, स्वास्थ्य र पर्यटनको माध्यम भएको जनाउँदै देशको पहिचान बढाउन काँकडभिट्टाले उत्पादन गरेका खेलाडीको अतुलनीय योगदान रहेको चर्चा गरे ।

सरकारले खेलकुद क्षेत्रका लागि अहिले छ अर्ब रुपैयाँ बजेट छुट्याएको उल्लेख गर्दै मन्त्री चौधरीले खेलमैदान स्थानीय तह र प्रदेशलाई हस्तान्तरण गर्ने तयारी भइरहेको जानकारी दिए । काँकडभिट्टा खेलमैदानले चर्चेको जग्गा ग्रामीण आवास कम्पनीको भएको विषयमा उहाँले छिटोभन्दा छिटो खेलमैदानको जग्गा स्थानीय तहको स्वामित्वमा ल्याउनुपर्ने बताए । उनले खेलमैदानको जग्गाको स्वामित्व पालिकाको नाममा ल्याउन र त्यसको पूर्वाधार विकासमा सघाउन सरकार तयार रहेको बताए ।

त्यस अवसरमा मेचीनगरका नगरप्रमुख गोपाल बुढाथोकी, उपप्रमुख मीना उप्रेती, पूर्वनगरप्रमुख विमल आचार्यलगायतले काँकडभिट्टाको खेलकुद गतिविधि र मैदानका समस्या बारेमा मन्त्री चौधरीको ध्यानाकर्षण गराएका थिए । रासस

# युक्रेन विरुद्ध रुसको सामूहिक आक्रमण शुरु

**काठमाडौं।**
युक्रेन विरुद्ध रुसले सामूहिक आक्रमण सुरु गरेको बताएको छ । रुसको सशस्त्र सेनाले युक्रेनको सैन्य कमाण्ड पोस्ट, विमानस्थल र विदेशी भाडाका लागि अस्थायी तैनाथी बिन्दुहरूमा सात वटा समूह मार्फत आक्रमण गरेको रूसी रक्षा मन्त्रालयले शुक्रबार घोषणा गरेको छ।

रुसी सेनाले दुई बस्तीहरू नियन्त्रणमा लिएका छन् र एकसाता भित्र आठ स्ट्रम छाया क्रूज मिसाइल र १ हजार ५०८ ड्रोनहरू खसालेका छन् । यसका साथै, ब्ल्याक सी फ्लीटका सेनाले ब्ल्याक सीमानामा तीन मानवरहित डुङ्गाहरू नष्ट गरेको मन्त्रालयले जनाएको छ।

यस्तै, युक्रेनले पनी रुसी राडार प्रणाली ध्वस्त पारेको दाबी गरेको छ । युक्रेनी रक्षा मन्त्रालयले शुक्रबार भनेको छ कि यसको विशेष सेनाले क्रिमियामा सटीक आक्रमण गरेको छ र रुसको सबैभन्दा उन्नत “येनिसेई“ राडार प्रणालीलाई सफलतापूर्वक नष्ट गरेको छ।

क्रेमलिनले शुक्रबार घोषणा ग¥यो कि राष्ट्रपति भ्लादिमिर पुटिनले उज्बेकिस्तान, काजाकिस्तान, बेलारुस, भारत र अन्य देशका नेताहरूसँग कुरा गरेका छन्।

युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले शुक्रबार सामाजिक सञ्जाल प्लेटफर्ममा खुलासा गरे कि उनले संयुक्त राज्य अमेरिका र युरोपेली देशका नेताहरूसँगको आफ्नो वार्ताको प्रगतिको बारेमा पोल्याण्ड, लाटभिया, चेक गणतन्त्र र दक्षिण अफ्रिकाका नेताहरूसँग कुरा गरेका थिए। रासस

# नवलपुरको गैँडाकोटमा चियाको परीक्षण खेती



**नवलपुर।**
नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को गैँडाकोटमा चिया खेती सुरुआत गरिएको छ। गैँडाकोट–१८ को बसेनी गाउँमा परीक्षणको रूपमा चिया खेती सुरु गरिएको नगरपालिकाले जनाएको छ।

गैँडाकोट नगरपालिका प्रमुख मदनभक्त अधिकारीले १८ वडा रहेको यस पालिकाको पहाडी क्षेत्रमा पर्ने बसेनी गाउँमा परीक्षणका लागि सात हजार ५०० चियाको विरुवा लगाइएको बताए । पहाडी क्षेत्र भएकाले यहाँको भूगोल र हावापानी उपयुक्त भएकाले परीक्षणका लागि चिया खेती सुरु गरिएको उनको भनाइ छ। ‘गैँडाकोटको यो १८ नम्बर वडा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण स्थान हो’ उनले भने, ‘यसै वर्षदेखि यहाँ पूर्वाधार विकास गरेर भविष्यमा बसेनीलाई पर्यटकीय गाउँको रूपमा विकास गर्ने नगरको योजना छ।’

गैँडाकोट नगर उपप्रमुख शान्ति कोइरालाले गैँडाकोट नगरपालिका प्राकृतिक रूपमा सुन्दर र हावापानीले विविधताले भरिपूर्ण पालिका भएको बताए । हाल व्यक्तिगत र सामुदायिक रूपमा बसेनीमा चिया खेती गरिएको उनको भनाइ छ । ‘अहिले हामीले परीक्षणका रूपमा चिया खेती सुरु गरेका छौँ’ उनले भने, ‘यसले राम्रो उत्पादन दियो र स्थानीय आकर्षित भए भने हामीले खेती बिस्तार गर्ने योजना बनाएका छौँ।’

गैँडाकोटमा पर्ने पूर्वपश्चिम राजमार्गबाट आधा घण्टाको दूरीमा नै चिसो हावापानी र बाह्रै महिना जाडो हुने क्षेत्र रहेको भन्दै उनले गर्मी र जाडो दुवै हावापानी भएकाले यहाँ पर्यटकीय सम्भावना रहेको बताए। बसेनीमा चिया खेती गरेर पर्यटकलाई आकर्षित गर्ने योजना रहेको कोइरालाको भनाइ छ । बसेनीमा चिया बगान, सुन्तला खेती बिस्ता, घरबास (होमस्टे) सञ्चालन गरी पर्यटकीय क्षेत्र बनाउने अवधारणाअनुसार आफूहरु अगाडि बढेको उनले बताए।

गैँडाकोट नगरपालिका कृषि विकास शाखा प्रमुख राजुप्रसाद शर्माले गैँडाकोटको बसेनीमा चिया उत्पादन गरेर बिक्री गर्नभन्दा पनि पर्यटकीय दृष्टिकोणले खेती गरिएको बताए। यसैवर्षदेखि यहाँ होमस्टे निर्माण गर्ने योजना रहेको जनाउँदै शर्माले होमस्टेमा आउने पर्यटकलाई लक्षित गरेर उपहारका लागि चियाको ब्राण्डिङ गरिने बताए। चिया बगान हेर्न इलाम नै जानुपर्ने अवस्थाको अन्त्य गर्न र यहाँको पर्यटन प्रवद्र्धन गर्न चिया खेती सुरु गरिएको उनको भनाइ छ।

‘अहिले यस क्षेत्रबाट ठूलै सङ्ख्यामा पर्यटक इलाम जाने गर्नुभएको छ’ उनले भने, ‘इलाम जाने पर्यटकलाई गैँडाकोट भित्र्याउने र उनिहरुलाई घरमा जाने बेलामा उपहार दिने गरी चियाको खेती सुरु गरेका छौँ ।’ गैँडाकोटमा आएर बस्ने पर्यटकलाई ‘मायाको चिनो’स्वरुप गैँडाकोटको चिया र स्थानीय उत्पादन कोसेली पठाइउने योजना रहेको शर्माले सुनाए । जिल्लाकै विकट गाउँको रूपमा रहेको यस वडामा पछिल्लो समय विकास निर्माणका पूर्वाधार निर्माण हुँदै गएपछि आवागमन समेत सहज भएको उनको भनाइ छ।

गाउँमा गरिएको चिया खेतीको सुरुआती तरणमा बसेनी टोल सुधार समितिले रेखदेख गर्ने र वडा कार्यालयले संरक्षण गर्नेगरी खेती सुरु गरिएको शर्माले बताए । उत्पादन सुरु भएपछि र स्थानीय खेतीमा आकर्षित भएपछि चिया खेती उपभोक्ता समूह बनाएर चिया बगान नै उनीहरुलाई हस्तान्तरण गर्ने लक्ष्य रहेको शर्माको भनाइ छ। अहिले सुरु गरिएको चिया खेतीबाट दुई वर्षभित्र उत्पादन लिन सकिने अपेक्षा गरिएको उनले बताए। रासस

# ट्रम्प र पुटिनबिच १५ अगस्तमा अलास्कामा भेटवार्ता हुने



**वासिङ्टन डिस।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग अगस्ट १५ मा अलास्कामा भेट गर्ने भएका छन् । ट्रम्पले शुक्रबार राति सामाजिक सञ्जालमा पोस्ट गर्दै यो जानकारी दिएका हुन् । बैठकको बारेमा छिट्टै जानकारी गराइने उनले बताए। ट्रम्पले यसअघि नै युक्रेन युद्ध अन्त्य गर्ने विषयमा छलफल गर्न पुटिनलाई भेट्न चाहेको बताएका थिए।

यसअघि बुधबार ह्वाइट हाउसकी प्रेस सेक्रेटरी क्यारोलिन लेविटले भनेकी थिइन, ‘रुसले ट्रम्पलाई भेट्ने इच्छा व्यक्त गरेको छ । ट्रम्प पुटिन र जेलेन्स्की दुवैसँग भेट्न तयार छन्।’ अमेरिका र रुसका राष्ट्रपतिबीच अन्तिम भेट सन् २०२१ जुनमा भएको थियो। त्यसबेला तत्कालीन अमेरिकी राष्ट्रपति जो बाइडेन र पुटिनबीच जेनेभामा भेट भएको थियो। ट्रम्पका विशेष दूत स्टिभ विटकफले बुधबार पुटिनलाई भेटेका थिए। ट्रम्पले यो भेटलाई महत्वपूर्ण भनेका छन् । रुसको क्रेमलिनको राष्ट्रपति कार्यालयका सल्लाहकार युरी उशाकोभले दुई देशबीच युक्रेनको मुद्दामा छलफल भएको बताएका थिए । एजेन्सी

# म्याग्देको माझिलाङमा सामूहिक कोदो खेती

**तनहुँ।**
तनहुँको म्याग्दे गाउँपालिका–७ माझिलाङलाई कोदोको पकेट क्षेत्रको रूपमा विकास गर्न लागिएको छ । यसका लागि गाउँपालिकाले कृषकलाई कोदो खेतीमा आकर्षित गराउन विभिन्न नीति अगाडि सारेको छ।

यहाँस्थित दुई रोपनी जग्गामा कोदोको बीउ राखिएको वडाध्यक्ष बसन्तकुमार श्रेष्ठले जानकारी दिए । यसअगाडि यस ठाउँमा कृषकले एक्लाएक्लै रूपमा कोदो रोप्ने गरेपनि यसपटकदेखि भने सामूहिक रूपमा कोदो खेतीलाई अगाडि बढाइएको उनको भनाइ छ।

उनका अनुसार यहाँ गाउँपालिकाको सहयोगमा आठ प्रजातिका रैथाने कोदोको बीउ रोपिएको छ । उनले भने, ‘पहिला पनि यहाँ मकै र कोदो खेती हुन्थ्यो, तर अहिले कृषकलाई सङ्गिठत रूपमा कोदो खेतीमा आकर्षित गर्न खोजेका हौँ ।’ माझिलाङ र हर्षपुरमा कोदो खेती हुने गरेको छ।

म्याग्देका अन्य वडामा भन्दा यस क्षेत्रमा कोदो राम्रो उत्पादन हुने गरेको छ । यहाँका कृषकलाई आवश्यक उपकरण पनि प्रदान गरिएको छ । बजारमा कोदोको राम्रो माग रहेको जनाउँदै उहाँले भने ‘पहिला पहिला कोदो लुकेर खाने प्रचलन थियो, आजभोलि परिस्थिति फेरिएको छ, हुने खानेले पनि कोदोको प्रयोग गर्ने अवस्था बढेको छ।’

माझिलाङ कृषक समूहका अध्यक्ष श्याममाया नाम्जाली दुई रोपनी जग्गा भाडामा लिएर सामूहिक रूपमा कोदो रोपिएको जानकारी दिए । उनका अनुसार विगतमा छुट्टाछुट्टै रूपमा कोदो खेती गर्ने गरिएको थियो।

म्याग्दे गाउँपालिकाकाले कोदो खेतीलाई प्राथमिकतामा राखेको जनाउँदै अन्य वडामा पनि यसलाई विस्तार गरिने स्पष्ट पारेको छ।

कम लागतमा उत्पादन गर्न सकिने र भण्डारणमा अन्य बालीको तुलनामा कम क्षति हुने भएकाले यसको खेतीमा फाइदा रहेको जनाइएको छ। रासस

# काभ्रेमा विपदको दश महिनाः क्षतिग्रस्त निजी आवास पुनःनिर्माण अलपत्र

**काभ्रेपलाञ्चोक।**
२०८१ असोज दोस्रोसाताको अबिरल वर्षापछिको बाढीपहिरोबाट क्षतिग्रस्त निजी आवासको विस्तृत क्षति अङ्कलन (डीडीए) भइरहेको रहेको छ । क्षति आकलन सुरु गरिएको करिब चार महिनाको अवधिमा रोशी गाउँपालिकाको मात्रै डीडीए सकिएको जनाइएको छ।

घटनाको दश महिना बितिसक्दा पनि विविध कारण अवस्थामा रहेको हो । तर, हालसम्म पनि बाढीपहिरोबाट क्षति भएका निजी आवासको पूर्णविवरण प्राप्त नहुँदा सरकारले निजी आवास पुनःनिर्माणकार्य अलपत्र अघि बढाउन नसकेको जनाइएको छ । गत चैत अन्तिमसाता जिल्लामा सबैभन्दा बढी जनधनको क्षति ब्यहोरेको रोशी गाउँपालिकाबाट निजी आवासको विस्तृत क्षति आँकलन सुरु गरिएको थियो । गृहमन्त्री रमेश लेखकले रोशी गाउँपालिका–२ नारायणटारबाट यसको सुरुवात गरेका हुन।



स्थायी घर निर्माणका लागि सरकारको तर्फबाट क्रमश अनुदान उपलब्ध गराउन जिल्लामा विस्तृत क्षति आँकलनका लागि १८ जना प्राविधिक खटाइएको छ । निजी आवासको विस्तृत क्षति आँकलनको सहजीकरणका लागि स्थानीय जनप्रतिनिधि तथा प्रमुख जिल्ला अधिकारीलाई विशेषरूपमा ध्यानाकर्षण गराइएको छ । बाढीपहिरोबाट क्षति भएका निजी आवासको डिडिए सम्पन्न नभएका कारण बाढीपहिरो पीडित नागरिकले बसोबासका लागि घर निर्माण गर्न सकेका छैनन् भने सरकारले निजी आवास पुनःनिर्माणको लागि प्रदान गर्ने अनुदान रकमको टुङ्गोसमेत लाग्न सकेको छैन । यसकारण बाढीपहिरो पीडित यहाँका नागरिकले आवास निर्माणको लागि सरकारबाट रकम नआउँदा आफन्तको घर तथा भाडामा बस्न बाध्य हुँदै आएका छन्।

काभ्रेपलाञ्चोकको १३ स्थानीय तहमध्ये बढी जनधनको क्षति पुगेको नमोबुद्ध नगर, पनौती नगर, बेथानचोक गाउँपालिका, तेमाल, भुम्लु, खानीखोला, महाभारत गाउँपालिका लगायतका प्रभावित स्थानीय तहको भने विस्तृत क्षति आङ्कलनको पूर्णतथ्याङ्क आउन नसकेको हो । रोशी गाउँपालिकाका अध्यक्ष दिनेश लामाले बाढीपहिरोले क्षति पुगेको गाउँपालिकाको ५ सय ६३ घरको डिडिए गरिएको जानकारी दिए। उनका अनुसार डीडीएबाट प्राप्त प्रतिवेदनमा १ सय ९९ घर पुनर्निर्माण गर्नुपर्ने, २१ घरको माइनर रेट्रोफिटिङ तथा १९ घरको मेजर रेट्रोफिटिङ गर्नुपर्ने जनाइएको छ । यस्तै १९१ परिवारको आवश्यक कागजात नपुगेको, १०७ घरधुरीको पुनःनिर्माण आवश्यक नरहेको उल्लेख गरिएको हो।

यसैगरी नमोबुद्ध नगरमा डीडीएका लागि छनोट भएका ८२४ घरमध्ये हालसम्म ५२७ घरको डीडीए गरिएको नगर कार्यालयले जनाएको छ । उक्त नगरको वातावरण शाखा प्रमुख सन्तोष काफ्लेका अनुसार वडा नं ४, ५, ६ र ७ का २९७ घरको डीडीए गर्न बाँकी रहेको छ । डीडीए गर्न खटिएका कर्मचारीको समयसिमा सकिएका कारण चार वडामा डीडीएकार्य रोकिएको हो।

पनौती नगरमा ६३५ क्षतिग्रस्त घरको डीडीएकार्य गर्न आठ जना प्राविधिक खटाइएको छ। नगरका सिनियर डिभिजनल इन्जिनियर सन्तोष अधिकारीका अनुसार यस हप्तासम्ममा करिब ३५० घरको डीडीएकार्य सकिएको छ।

यस्तै बेथानचोक गाउँपालिकाका इन्जिनियर ज्ञानप्रसाद तिमल्सिनाले बाढीपहिरोबाट क्षति भएका २८५ घरको डीडीएकार्य गर्नुपर्ने बताए। उनका अनुसार हालसम्म १८ घरको डीडीएकार्य सकिएको छ। उनले कर्मचारी अभावका कारण डीडीएकार्य ढिलाइ भएको बताए।

यसअघि सरकारले बाढीपहिरो पीडितलाई गत जेठमा अस्थायी आबास निर्माणका लागि काभ्रेपलाञ्चोकको १२ स्थानीय तहमा अनुदान पठाइएको थियो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन प्राधिकरणमार्फत नेपाल सरकारले पहिलो किस्ता बापत २५ हजार रुपैयाँका दरले राहत रकम उपलब्ध गराएपछि काभ्रेको १२ तहका करिब तीन हजार घरपरिवारका स्थानीय तहमा पठाइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । उल्लेखित प्रभावित परिवारका लागि उपलब्ध गराइने ५० हजार रुपैयाँ राहत रकममध्ये पहिलो किस्तास्वरुप २५ हजार रुपैयाँ उपलब्ध गराइएको कार्यालयका सूचना अधिकारी एवम् सहायक प्रमुख जिल्ला अधिकारी सुदर्शन श्रेष्ठले जानकारी दिए।

उक्त बाढीपहिरोबाट काभ्रेपलाञ्चोकका ८१ जनाले ज्यान गुमाएका थिए । छ जना अझै वेपत्तामा सूचीकृत छन् भने १०० को हाराहारिमा घाइते भएका थिए। रासस

# सिप हस्तान्तरण नहुँदा हराउँदै जनै बनाउने चलन

**नवलपरासी।**
नयाँ पुस्तामा सिप हस्तान्तरण नहुँदा हिन्दू धर्मावलम्बीले मात्र प्रयोग गर्ने जनै बनाउने प्रचलन हराउँदै जान थालेको छ । हिजो आज जनै घरमा नै तयार पार्ने प्रचलन हराउँदै गए पछि बाह्य उत्पादनको भर पर्नुपर्ने अवस्था सृजना भएको छ।



युवापुस्ता रोजगारी तथा अन्यकार्यमा व्यस्त रहने हुँदा पनि जनै तयार पार्ने सिप सिक्न नसक्दा अहिले यो सिप नै लोप हुने अवस्थामा पुगेको हो । युवापुस्ताले जनै बनाउनेकार्यमा चासो नदिने तथा सुलभ मूल्यमा बजारमा जनै पाइने भएकाले यो क्रम हराउँदै गएको नवलपरासी(बर्दघाट सुस्ता पूर्व) कावासोती नगरपालिका–६ का पूर्ण भुसालले बताए।

'अधिकांश युवा वैदेशिक रोजगारीमा गएकाले पनि जनै बनाउने सिप नहुँदा हिजो आज यो क्रम हराउँदै गएको छ', उनले भने, 'आफैँले बनाउनुभन्दा बजारमा किन्न सजिलो हुने भएपछि सबैले त्यसै गर्न थालेका छन्।' केही वर्ष अगाडिसम्म जनै बनाएर आफन्तलाई पनि दिने गरेको भएता पनि पछिल्लो समय बजारबाट खरिद गरी प्रयोग गर्ने गरेको मध्यविन्दु नगरपालिका–७ का मणि सापकोटाले बताए।

'आजकाल अधिकांश युवा विदेश छन्, भएका पनि रोजगारीमा लागेका छन्। फुर्सद् नहुँदा नयाँ युवाले जैनै बनाउने सिप नै सिक्न छाडे', उनले भने, 'अधिकांश गाउँघरमा युवा पुस्ताभन्दा वृद्ध वृद्धा र महिला बालबालिका मात्र हुँदा पनि जनै बनाउने मान्छे पनि नभएर यो सिप हराउँदै गयो।'

गाउँमा अहिले जनै बाट्नै छाडिसकेको सापकोटाले बताए । जनै पूर्णिमाको लागि बजारबाट मेसिनले बाटेको जनै खरिद गरेर ल्याएको उनले बताए। बजारमा विदेशबाट आयातित र विभिन्न मेसिन तथा उपकरण प्रयोगबाट बनाइएका जनै फरकफरक मूल्यमा उपलब्ध हुने गरेका छन्। नयाँ जनै फेर्नुपर्ने हिन्दु संस्कारमा रहिआएको मान्यताअनुसार जनै पूर्णिमाको लागि जनैको कारोबार पनि ठुलै हुने गरेको पाइन्छ।

विगतका वर्षमा गाउँघरमा ब्राह्मण तथा क्षेत्री समुदायका व्यक्तिले एक महिना अघिदेखि नै जनै बाट्न सुरु गर्ने गरेको र त्यो जनै नै उत्कृष्ट जनै रहने गरेको पण्डित इन्द्रप्रसाद गौडेलले बताए।

'आफ्नै हातले धागो सङ्ग्ल्याएर, कतुवामा बाटेको जनै नै राम्रो हो, हिजो आज मेसिनको प्रयोगबाट जनै लगाउनु बाध्यता भइसक्यो' उनले भने 'भारतबाट आउने जनै निकै सस्तो हुन्छ, तर त्यसको बनावटी राम्रो र उपयुक्त हुँदैन।'

पछिल्लो समय हिन्दु धर्मावलम्बीको पवित्र पर्वको रूपमा मनाइने जनपूर्णिमाको महत्त्व नयाँ पुस्ताले बिर्सदै गएको पण्डित गौडेलले गुनासो गरे।

'रक्षा बन्धनका दिन नजिकैको धार्मिक मठमन्दिरमा गएर विधिपूर्वक पूजाआजा गर्नुपर्ने भएता पनि बजारमा भित्रिएका जनै र धागोलाई प्रयोग गर्न थालिएको छ', उनले भने, 'आधुनिकताको नाममा र युवापुस्ता व्यस्त रहने हुँदा संस्कृति लोप हुने अवस्थातिर पुग्ने हो कि भन्ने चिन्ता थपिएको छ।'

जनै पूर्णिमा(रक्षा बन्धन)का दिन इष्टमित्रसँग जनै लगाउने र रक्षा बन्धन बाँध्नाले शत्रुबाट रक्षा हुने जनविश्वास रही आएको छ । 'तागाधारीले कश्यप, अत्रि, भारद्वाज, गौतम, जमदग्नि, विश्वामित्र र अरुन्धतीसहित सप्त ऋषिलाई तर्पण दिने भएकाले जनै पूर्णिमालाई ऋषि तर्पणी पनि भन्ने गरिएको छ', पण्डित गौडेलले भने,'हिन्दु धर्मावलम्बीले यस पूर्णिमाको दिन नजिकैको तीर्थस्थलमा गई मन्त्रो उच्चारण गरी विधिपूर्वक पूजाआजा गरेर घरमा लगेको जनै र रक्षा बन्धन लगाएर जनै पूर्णिमा पर्व मनाउने परम्परा रही आएको छ।रासस

# बजेट अभावमा भोजपुरको 'शैक्षिक अनुसन्धान केन्द्र शिक्षक भवन' निर्माण अलपत्र

**भोजपुर।**
भोजपुरमा शैक्षिक क्षेत्रको खोज तथा अनुसन्धान गर्ने लक्ष्यले निर्माण थालिएको 'शैक्षिक अनुसन्धान केन्द्र शिक्षक' भवन निर्माणको काम अलपत्र परेको छ । प्रदेश सरकारको बजेटमा निर्माण थालिएको भवनको बजेट अभावमा काम अधुरो बनेको हो।



कोशी प्रदेश सरकारबाट विनियोजित २५ लाख रुपैयाँ लागतमा विसं २०८१ मङ्सिर महिनामा भवन निर्माण थालिएको थियो।

निर्माणको क्रममा बजेट नपुगेपछि भवन निर्माणको काम अधुरो बनेको नेपाल राष्ट्रिय शिक्षक सङ्गठन भोजपुरका अध्यक्ष विष्णुकुमार राईले जानकारी दिए । माग गरिएको भएपनि प्रदेश सरकारले यस वर्ष बजेट विनियोजन नगरेकाले भवन निर्माण अधुरो बनेको उनको भनाइ छ।

'बजेट अभावमा शैक्षिक अनुसन्धान केन्द्र शिक्षक भवन निर्माणको काम अधुरो बनेको छ' अध्यक्ष राईले भने, 'भवनको पूर्णताको लागि ५० लाख रुपैयाँ बजेट माग गरेका थियौँ । त्यो बजेट प्रदेश सरकारबाट बिनियोजन नहुँदा काम अधुरो बनेको छ । यो कामलाई पूर्णता दिनको लागि प्रदेश सरकारलाई अनुरोध गरिरहेका छौँ।'

स्थानीय पालिकामा बजेट माग गरेर १४ लाख ५० हजार रुपैयाँ बजेटमा २०० जना अट्न सक्ने सभाहल निर्माण भइरहेको उनले जानकारी दिए। भवन निर्माणको लागि मात्र प्रदेशबाट बजेट प्राप्त भएकाले स्थानीय तहसँग बजेट माग गरेर सभाहल निर्माण भइरहेको उनले जानकारी दिए।

हाल भवनमा तला मात्र थपिएकाले अन्य सम्पूर्ण काम बाँकी रहेको यसोधरा माध्यमिक विद्यालय टक्सारका प्रधानाध्यापक ध्रुवराज रेग्मीले बताए।

निर्माण थालिएको भवनको पूर्णताको लागि प्रदेश सरकारले ध्यान दिन आवश्यक रहेको उनको भनाइ छ । शैक्षिक अनुसन्धान केन्द्र शिक्षक भवनको थप विकासको लागि शिक्षकबाट पनि शैच्छिक रूपमा सहयोग सङ्कलन भइरहेको उनले जानकारी दिए।

निर्माणधीण शैक्षिक अनुसन्धान केन्द्र शिक्षक भवनको कोशी प्रदेशका राज्यमन्त्री सिर्जना राईले स्थलगत अनुगमन गरेका छन । बजेट अभावमा अधुरो अवस्थामा रहेको भवन सम्पन्न गराउन आफू निर्णायक तहमा नभपनि बजेटको लागि पहल गर्ने उनले बताए।

'मैले विगतबाट प्रदेश सरकारले थालेका तर पूर्ण हुन नसकेका योजनाको अनुगमन गरिरहेकी छु' राज्यमन्त्री राईले भने, 'थालिएका अधुरा योजना सम्पन्न गराउन मैले जोड गरिरहेको अवस्था छ । यो भवनको विषयमा प्रदेश सरकारलाई जानकारी गराएर बजेटको लागि पहल गर्नेछु।'

भोजपुर नगरपालिका–७ मा तीन रोपनी, एक आना तीन पैसा क्षेत्रफलमा भवन निर्माण भइरहेको छ। यहाँ शहरी विकास तथा भवन कार्यालय धनकुटा मातहात भवन निर्माण थालिएको हो।रासस

# सिकार आरक्ष ढोरपाटनमा घोडा सफारी

**बागलुङ।**
नेपालकै एक मात्र सिकार आरक्ष क्षेत्र ढोरपाटन उपत्यकामा घोडा सफारी व्यवसाय फष्टाउँदो छ । घोडापालन गर्दै आएका स्थानीयको दैनिकी अहिले पर्यटकलाई घोडामा घुमाउनै ठिक्क छ।



ढोरपाटनमा पछिल्लो समय पर्यटकको चाप बढेपछि घोडा व्यवसायी दङ्ग छन्। ढोरपाटन उपत्यकामा फुलेका अनेकथरी फुलमा घोडा दौडाउने, भिडियो खिच्ने, फोटो खिच्ने र टिकटक बनाउने पर्यटकको सङ्ख्या बढेपछि घोडा व्यवसायीको आम्दानी बढेको छ।

घोडा पालेरै घर खर्च धान्दै आउनुभएका ढोरपाटन नगरपालिका–९ निवासी अनिस विकले पर्यटक बढेपछि दिनमै तीन हजार रुपैयाँ भन्दा माथि आम्दानी गर्दै आएको बताए । 'पहिले त मुस्किलले दिनमा रु एक हजार हुन्थ्यो, अहिले रु तीन हजारसम्म आम्दानी भइरहेको छ, ढोरपाटनमा फुलेका बुकी फुलमा घोडा चढ्ने बढेका छन्।'

उनका अनुसार ढोरपाटनमा पछिल्लो समय पर्यटक उल्लेख्य रुपमा बढेका छन् । 'ढोरपाटनमा आएका पर्यटकहरु घोडा नचढ्ने कुरै हुँदैन, घोडा चढेको फोटो र टिकटक मैले नै खिचिदन्छु, पर्यटकहरु खुसी भए अझ धैरै रकम खन्छिन', विकले भने, 'एक पटक घोडामा चढेर फोटो तथा भिडियो बनाएको दुई सय लिन्छु, ढोर बराही दर्शन गरेको पाँच सय रुपैयाँ र बुकी पुगेको तीन हजारसम्म लिने गरेको छु, सबैभन्दा बढी पर्यटक घोडा चढेर ढोरपाटन उपत्यकाको फूलमा फोटो तथा भिडियो बनाउन रुचाउँछन्।'

घोडाको खानपान घटाउदा घर खर्च गरेर एक÷दुई हजार दैनिक बचत हुने गरेको छ । यहाँका स्थानीयले घारवास र घोडा सफारीबाट मुख्य आम्दानी लिने गरेका छन्। वर्खायाम भए पनि यहाँको बुकी फूल हेर्न कै लागि बुटवल, काठमाडाँै, पोखरा, बागलुङ बजारसहितका छिमेकी पालिकाहरुबाट ढोरपाटनमा पर्यटक आउने गरेका छन्।

असारदेखि भदौसम्म यस क्षेत्रमा विभिन्न प्रजातिका वनफूल अर्थात् बुकी फूल फुल्ने गर्छन । मङ्सिर–पुसमा बाक्लो हिमपात हुने हुँदा कतिपय पर्यटक हिउँ खेल्नकै लागि आउँछन् । यहाँ आउने पर्यटक घोडा नचडी फर्किएको पाइँदैन । पर्यटकहरू घोडा चढेरै बुकी पाटनसम्म जाने गर्दा घोडाधनीहरु उत्साहित रहेका छन्।

घोडापालनमा भने चुनौती रहेपछि पछिल्लो समय आम्दानी बढेको घोडाधनी मैतराम विकको भनाइ छ । दुई घोडा पाल्नु भएका मैतरामको घर खर्च चलाउने माध्यम घोडा नै हो । उनले बुकीपाटनमा पर्यटकका सामग्री पु¥याउन आफ्ना घोडा प्रयोग गर्दै आएको बताए।

'हिमपात हुने तीन महिना घोडालाई दाना खुवाएर पाल्नुपर्दछ, अघिपछि पर्यटकहरु आउनुहुन्छ, हिमपातमा घोडा हिडाउन मिल्दैन, घरमै पाल्दा कठिन हुन्छ, अहिले घोडामै पर्यटकलाई बुकीपाटन लैजाने व्यवस्था मिलाइएको छ, ढोरपाटन उपत्यकाबाट बुकी पुऱ्याएको तीन हजार रुपैयाँ देखि चार हजार रुपैयाँ सम्म दिन्छन, विकले भने।

वर्खायाम भए पनि ढोरपाटन क्षेत्रमा पर्यटकको आगमन बढ्दै गएकाले घरवास र घोडा सफारी व्यवसाय फष्टाउँदै आएको स्थानीय घरवास सञ्चालक रामबहादुर घर्तीले जानकारी दिए। सिकार आरक्ष क्षेत्रमा गत आर्थिक वर्षमा २३ हजार पर्यटक भित्रिएका थिए । जुन अघिल्लो आर्थिक वर्षको तुलनामा हजारले बढी हो । रासस

# सरकारी घिन्ताङघिसीसँगै भक्तपुरको गाईजात्रा शुरु

**भादगाउँ।**
गाईजात्रा सुरु भएको सङ्केतस्वरुप भक्तपुरमा शनिवार सरकारी घिन्ताङघिसी नाच प्रदर्शन गरिएको छ। गाईजात्रा साउन शुक्ल प्रतिपदा अर्थात् जनैपूर्णिमाको भोलिपल्ट सो नाच धुमधामले मनाइन्छ । भक्तपुरमा भने जनैपूर्णिमाको दिउँसो सरकारी घिन्ताङघिसी नाच प्रदर्शनसँगै गाईजात्रा सुरु भएको मानिन्छ।

वर्ष दिनभित्र मृत्यु भएका आफन्तको सम्झनामा मनाइने धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वको पर्व गाईजात्रा सुरु भएको जनाउ दिन गुठी संस्थानले सुकुलढोकास्थित नाट्येश्वरीको पूजा गरी दरबारस्क्वाएरस्थित बहटोलबाट घिन्ताङघिसी नाच निकालेको हो।

भक्तपुरको बहटोलबाट सुरु भएको नाच भक्तपुर नगरका दरबारस्क्वायर, बालाखु गणेश, चोछें, भुलाछें, महालक्ष्मी स्थान, थालछें, गछें, सुजमारी, तचपाल, गोमारी, सुकुलढोका, तमारी, नासमना, बंशगोल, इटाछें र खःमालगायत क्षेत्रको परिक्रमा गरी पुनःसुकुलढोकामा पुगेर समापन भएको हो।

धा बाजा, तःबाजा, धिमाय् बाजाको संयुक्त तालमा नाचमा सहभागीले हातमा लठ्ठी जुधाएर घिन्ताङघिसी नाच नाचिन्छ । कृष्णाअस्टमीको दिनसम्म मनाइने भक्तपुरको गाईजात्रामा प्रत्येक दिन साँझ विभिन्न टोलबाट घिन्ताङघिसी नाचसँगै विभिन्न व्याङ्ग्यात्मक नाटक, विभिन्न सांस्कृतिक नाच प्रदर्शन गर्ने परम्परा छ । भक्तपुरमा गाईजात्रा आठ रात नौ दिनसम्म मनाइन्छ।रासस

# सवारी दुर्घटनामा दुईको मृत्यु

**सुनसरी।**
सुनसरीको इटहरी उपमहानगरपालिका–२० को इटहरी–धरान सडकखण्डस्थित पानीपिया जङ्गलमा शनिवार स्कुटर र बस एकापसमा ठोक्किँदा दुई जनाको मृत्यु भएको छ।

इटहरीबाट धरानतर्फ आउँदै गरेको प्रदेश १–०२–००२ ख ०४५५ नम्बरको बस र विपरीत दिशाबाट आइरहेको को २२ प २१२५ नम्बरको स्कुटर ठोक्किँदा स्कुटर चालक झापाको विर्तामोड नगरपालिका–५ का सुजन विक र पछाडि सवार सुरज विक गम्भीर घाइते भएका थिए।

घाइते दुवैको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा दिउसो १२:३० बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता योगराज खतिवडाले जानकारी दिए।

बस चालक उदयपुरको बेलका नगरपालिका–३ का प्रेम मगरलाई जिल्ला प्रहरी कार्यालयले नियन्त्रणमा लिएको छ भने घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । रासस

# मधेश प्रदेशमा एक वर्षमा ७४४३ दुर्घटना ५६४ जनाको मृत्यु



**मधेशदृष्टि**
**बारा ।**
मधेश प्रदेशका आठ जिल्लामा आर्थिक वर्ष २०८१/८२ को साउनदेखि असार मसान्तसम्म ७ हजार ४४३ वटा सडक दुर्घटना हुँदा ५६४ जनाले ज्यान गुमाएका छन् । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया, बाराका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक वकिलबहादुर सिंहका अनुसार दुर्घटनामा संलग्न १० हजार ६७२ वटा सवारी साधन एक–अर्कामा ठोक्किएका थिए । सिंहका अनुसार सबैभन्दा बढी दुर्घटना बारा, धनुषा र सिरहा जिल्लामा भएका छन् ।

पर्सामा ५५६ दुर्घटनामा ४७ जनाको मृत्यु भएको छ भने बारामा १ हजार १४७ दुर्घटनामा ९३ जनाको मृत्यु भएको छ । त्यस्तै, रौतहटमा ८०८ दुर्घटना हुँदा ६६ जनाले ज्यान गुमाएका छन् । सर्लाहीमा १ हजार ३७ दुर्घटनामा परि ५६ जनाको मृत्यु भएको छ भने महोत्तरीमा ६७९ दुर्घटना हुँदा ४५ जनाको मृत्यु भएको तथ्यांक छ । यता, धनुषामा १ हजार २२१ दुर्घटनामा परि ८४ जनाले ज्यान गुमाएका छन् भने सिरहामा ९६७ दुर्घटनामा ८९ जनाको मृत्यु भएको छ । त्यस्तै, सप्तरीमा ८२८ सवारी दुर्घटनामा परि ८४ जनाको मृत्यु भएको छ । राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाका प्रमुख प्रहरी उपरीक्षक रामकुमार सिल्वालले मधेश प्रदेशमा दुर्घटनाको उच्च दर गम्भीर चिन्ताको विषय भएको बताए । 'यो तथ्यांकले हामीलाई सडक सुरक्षा, यातायात नियमको पालना र चालकहरूको सतर्कता बढाउन अझ कडाइ गर्न आवश्यक छ भन्ने सन्देश दिन्छ,' उनले भने । एसपी सिल्वालका अनुसार, प्रदेशभर ट्राफिक जनचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेको छ । 'हामी चालकलाई गति नियन्त्रण, ट्राफिक नियमको पालना र मापसे नगर्न आग्रह गर्दै आएका छौँ,' उनले भने । नागरिक समाज बाराका अध्यक्ष उमेशलाल दासले करिब साढे पाँच सय मानिसले एक वर्षमै सवारी दुर्घटनामा ज्यान गुमाउनु सानो कुरा नभएको टिप्पणी गरे । उनले दुर्घटना न्यूनीकरणका लागि गाउँ–टोलसम्म पुग्ने जनचेतना अभियान आवश्यक रहेको बताए । सोही अवधिमा, मधेश प्रदेशका आठ जिल्लामा २० हजार ८३९ वटा सवारी साधनलाई ट्राफिक नियम उल्लङ्घन गरेको आरोपमा कारबाही गरिएको छ । यसबाट १८ करोड ३७ लाख ९१ हजार ३५९ रुपैयाँ राजस्व संकलन भएको ट्राफिक कार्यालय पथलैयाले जनाएको छ । पर्सामा ३० हजार ३२० सवारीसाधनलाई कारवाही गरि २ करोड ८१ लाख ४९ हजार ३५० रुपैयाँ राजस्व संकलन गरिएको छ भने बारामा २३ हजार ४२४ सवारीसाधनलाई कारवाही गरि २ करोड २४ लाख २ हजार रुपैयाँ संकलन भएको छ । त्यस्तै, पथलैया (कार्यालय)ले ११ हजार २५० सवारीसाधनलाई कारवाही गरि १ करोड ५ लाख १० हजार ५०२ रुपैयाँ राजस्व संकलन गरेको छ । रौतहटमा भने १६ हजार २४८ सवारीसाधनलाई कारवाही गरि १ करोड ४७ लाख ३८ हजार रुपैयाँ, सर्लाहीमा २० हजार ९ सवारीसाधनलाई कारवाही गरि १ करोड ९७ लाख ७३ हजार ५००, महोत्तरीमा २८ हजार ३३२ सवारीसाधनलाई कारवाही गरि २ करोड ५८ लाख ५४ हजार ५०४, धनुषामा २८ हजार ५३५ सवारीसाधनलाई कारवाही गरि २ करोड २१ लाख १० हजार ५००, सिरहामा ३२ हजार १५७ सवारीसाधनलाई कारवाही गरि २ करोड ५१ लाख १९ हजार ५०२ र सप्तरीमा १७ हजार ७६४ सवारीसाधनलाई कारवाही गरि १ करोड २७ लाख ९३ हजार ५०१ रुपैयाँ राजस्व असुलिएको छ । चालु आर्थिक वर्ष २०८२÷८३ को साउन २२ गतेसम्म बारा जिल्लाको निजगढमा मात्रै ६९ वटा दुर्घटना भएका छन् । यातायात कार्यालय निजगढका प्रहरी निरीक्षक दीपक केसीका अनुसार, ती दुर्घटनामा एक महिला र दुई पुरुष गरी तीन जनाको मृत्यु भएको छ । प्रहरीका अनुसार, सवारी दुर्घटना नियन्त्रणका लागि चालकहरूको अनुशासन, सवारी साधनको प्राविधिक जाँच, सडक संरचना सुधार र ट्राफिक जनचेतना कार्यक्रमलाई प्राथमिकतामा राख्नु जरुरी छ ।

# उच्च अदालतको न्यायाधीश नियुक्ति समावेशिता विपरीतः तमलोपा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
तराई–मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) ले न्याय परिषदबाट उच्च अदालतका न्यायाधीशहरूको हालैको नियुक्ति प्रक्रिया संविधानमा उल्लेखित सामाजिक न्याय र समावेशिताको प्रत्याभूतिको प्रतिकूल भएको भन्दै आपत्ति जनाएको छ ।

तमलोपाका अध्यक्ष वृषेशचन्द्र लालद्वारा जारी विज्ञप्तिमा २०८२ साउन २२ गते न्याय परिषदले गरेको न्यायाधीश नियुक्ति र सिफारिससम्बन्धी निर्णयप्रति असन्तुष्टि व्यक्त गरिएको छ । विज्ञप्तिमा उक्त निर्णयले संविधानको धारा १८ अन्तर्गतको समानताको हक र धारा ४२ मा स्पष्ट गरिएको सामाजिक न्याय तथा समावेशी सिद्धान्तको ठाडो उल्लंघन भएको आरोप लगाइएको छ । 'संविधानको संवैधानिक प्रावधानहरूको व्याख्या गर्ने जिम्मेवारी तोकिएको सर्वोच्च अदालत एवं संवैधानिक इजलासको प्रमुख प्रधान न्यायाधीशको अध्यक्षतामा रहेको न्याय परिषदबाट यस किसिमको निर्णय हुनु अझै आश्चर्य र निराशाजनक छ,' विज्ञप्तिमा भनिएको छ, 'यसले सबैका लागि समान न्यायको अवधारणा र न्याय निरुपणमा समावेशी व्यवस्थाको मान्य सिद्धान्तमा प्रतिकूल प्रभाव पार्दछ ।' तमलोपाले न्याय परिषदको निर्णय केवल संवैधानिक मूल्य र मान्यतामाथिको आघात मात्र नभई राज्यका अंगहरूमा समान सहभागिता सुनिश्चित गर्ने दीर्घकालीन लक्ष्यलाई समेत कमजोर पार्ने दाबी गरेको छ । पार्टीले नियुक्ति प्रक्रियामा विभिन्न जातीय, भौगोलिक, लैंगिक र समुदायगत समावेशिता सुनिश्चित गर्नुपर्ने संवैधानिक प्रावधानलाई बेवास्ता गरिएको आरोप पनि लगाएको छ । विज्ञप्तिमा उच्च अदालतका न्यायाधीशहरूको नियुक्तिमा देखिएको असमानता र बहिष्करणको प्रवृत्तिले न्यायिक संरचनामा जनविश्वास कमजोर पार्ने चेतावनी दिँदै सम्बन्धित सबै सरोकारवाला निकायलाई तत्काल पुनर्विचार गर्न आग्रह गरिएको छ । 'संविधानले प्रत्याभूत गरेको समावेशिताको अधिकारलाई कार्यान्वयन गर्दै मानक स्थिति सृजना गर्न न्याय परिषद र सरकारलाई हामी गम्भीर रूपमा अपील गर्दछौं,' विज्ञप्तिमा भनिएको छ । न्याय परिषदले साउन २२ गते विभिन्न उच्च अदालतका लागि न्यायाधीश नियुक्ति र सिफारिस गर्ने निर्णय गरेको थियो । तर, सो प्रक्रियामा समावेशीता र समानताको सिद्धान्तलाई बेवास्ता गरिएको आरोपसहित मधेशवादी दल र अन्य सरोकारवाला पक्षहरूले विरोध जनाइरहेका छन् ।

# यातायात कार्यालय गौरमा अवैध लाइसेन्स कारोबार



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको गौरस्थित यातायात व्यवस्था कार्यालयमा सवारी चालक अनुमतिपत्र (लाइसेन्स) वितरणमा व्यापक अनियमितता र अवैध कारोबार चलिरहेको खुलासा भएको छ । कार्यालयमा ज्यालादारीमा कार्यरत सरसफाईकर्मी पिन्टु सिंह उर्फ रोशन सिंहले कार्यालय प्रमुख जितेन्द्रकुमार गुप्ताको निकटस्थका रूपमा सेवाग्राहीसँग ठूलो रकम असुल्ने गरेको आरोप लागेको हो । स्थानीय स्रोतका अनुसार सिंहले मोटरसाइकल (दुईपाङ्ग्रे) लाइसेन्सका लागि करिब १० हजार रुपैयाँ र कार, जीप (चारपाङ्ग्रे) लाइसेन्सका लागि १५ देखि २५ हजार रुपैयाँसम्मको दरमा बार्गेनिङ गर्दै रकम लिने गरेको पाइएको छ । रकम बुझाउनेहरूलाई सीधै स्मार्ट लाइसेन्स उपलब्ध गराउने गरिएको कटहरिया–३ का समाजसेवी रामबाबु साहले बताएका छन् । यसबाहेक, चोरीका भारतीय सवारी साधनलाई अवैध रूपमा 'नेपालीकरण' गरेर दर्ता गराउने कार्यमा समेत सिंहको संलग्नता रहेको आरोप कार्यालयकै एक कर्मचारीले लगाएका छन् । यस प्रक्रियामा कार्यालय प्रमुख गुप्ताले मौन सहमति जनाउँदै आएको दाबी गरिएको छ । स्रोतका अनुसार, सेटिङ मिलाउने सेवाग्राहीलाई लिखित परीक्षामा केवल २–५ प्रश्न मात्र टिक गर्न लगाइने र ट्रायलमा असफल हुने व्यक्तिलाई समेत प्रवेशपत्र बुझाएर हाजिरी मात्र पुर्याइने गरेको छ । यस्तो सेटिङमार्फत रकम बुझाउने सेवाग्राहीलाई सजिलै लाइसेन्स वितरण गर्ने अभ्यास खुलेआम चलिरहेको एक सेवाग्राहीले दाबी गरेका छन् । स्थानीय सेवाग्राहीहरूले बढ्दो गुनासो र उजुरी गरेका भए पनि सम्बन्धित निकायले हालसम्म ठोस छानबिन वा कारबाहीको प्रक्रिया अगाडि बढाएको छैन । यातायातजस्तो संवेदनशील क्षेत्रमा प्रमुख र कर्मचारीको मिलेमतोमा हुने रकम लेनदेनले सेवाग्राहीहरू अन्यौल र मर्कामा परेको उनीहरूको गुनासो छ । कार्यालय प्रमुख गुप्ताले केही समयअघि नक्सालस्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बयानका लागि गएको स्वीकार गरे पनि मुद्दा–छानबिनको अवस्था हालसम्म सार्वजनिक भएको छैन । घटनाबारे थप प्रतिक्रिया लिन खोज्दा उनी सम्पर्कविहीन भएका छन् । स्थानीयबासीले यातायात कार्यालयमा भइरहेको अनियमिततामाथि तत्काल छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न सरोकारवाला निकायलाई आग्रह गरेका छन् ।

# मधेश प्रदेशमा लम्पीस्किनको सङ्क्रमणबाट एक हजार सात सय पशु मरे



**जनकपुरधाम ।**
लम्पीस्किन रोगको सङ्क्रमणबाट मधेश प्रदेशमा एक हजार सात सय पशुचौपाया मरेका छन् । प्रदेश सरकार, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका अनुसार लम्पीस्किनबाट ५२ हजार ६८६ पशु संक्रमित भएको र त्यसमध्ये २३ हजार ७०९वटा पशु उपचारवाट निको भएको बताएको छ । लम्पीस्किन रोग लाग्दा पशुलाई शुरुमा ज्वरो आउने, शरीरमा घाउखटिरा आउने तथा घाँस र पानी खान नखोज्ने लक्षण देखिन्छन् । रोगको पहिचान भएका पशुमा खोप लगाउने अभियान पनि शुरु गरिएको मन्त्रालयको भनाइ छ । अभियानअन्र्तगत हालसम्म प्रदेशभरिका दुई लाख ४५ हजार पशुलाई खोपलगाइएको छ । मन्त्रालयका अनुसार दुई लाख ३१ हजार ५१५ पशुलाई विज्ञकेन्द्रमार्फत खोप दिइएको छ भने स्थानीय तहमार्फत धनुषामा ५६६, सर्लाहीमा १७५ तथा रौतहटमा तीन हजार ७०० पशुलाई खोप लगाइएको छ । रासस

# जनकपुरधाममा लम्पीस्किन रोगविरुद्ध खोप अभियान तीव्र



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाले लम्पीस्किन रोगको रोकथामका लागि सञ्चालन गरेको खोप अभियानलाई तीव्रता दिँदै १ हजार ३०० भन्दा बढी पशुमा खोप लगाइसकेको छ । साउन ८ गतेदेखि शुरु भएको यो खोप तथा उपचार कार्यक्रम अधिकांश वडामा सम्पन्न भइसकेको छ भने केही वडामा अझै निरन्तर जारी छ । उपमहानगर प्रमुख मनोजकुमार साहका अनुसार, नगरभित्रका पशुपालकलाई लक्षित गरेर निःशुल्क खोप उपलब्ध गराइएको छ । 'यो अभियानले नगरका पशुधनीलाई लम्पी स्किन रोगबाट जोगाउने मात्र नभई यस रोगको फैलावटलाई पनि रोक्ने लक्ष्य राखिएको छ,' साहले भने । खोप अभियानसँगै उपमहानगरले प्रभावित क्षेत्रमा पशुहरूको नियमित स्वास्थ्य परीक्षण, उपचार, निगरानी र जनचेतनामूलक सेवा पनि उपलब्ध गराइरहेको छ । पशु स्वास्थ्यकर्मीहरूले रोगको प्रारम्भिक लक्षण देखिनासाथ तत्काल रिपोर्ट गर्न पशुपालकलाई आग्रह गरेका छन् । लम्पीस्किन रोगले दुध उत्पादनमा गिरावट, पशु मृत्यु र आर्थिक क्षति पुर्याउने भएकाले उपमहानगरले समयमै खोप लगाउन र सतर्क रहन पशुधनीलाई अनुरोध गरेको छ । नगरप्रमुख साहले पशु सेवा शाखासँग सम्पर्क गर्न सजिलो सुविधा उपलब्ध भएको बताउँदै यो अभियानले जनस्वास्थ्य र पशु स्वास्थ्य दुवै क्षेत्रमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरे ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन